Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष–१४ , अंक– ३९, २०७९ साल बैशाख २० गते मंगलबार (May 3, 2022) www.janaakash.com.np मूल्य रु १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# रामेछापको गोकुलगंगा गाउँपालिकामा उम्मेदवारहरू को-को ?

**- मोहन कार्की**

२०७९ सालको स्थानीय निर्वाचन मुखमै आइपुगेको छ । रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिकामा केन्द्रका नेताहरु धरै भएको र निक्कै चर्चामा



काजी बहादुर खड्का



खड्क बहादुर सुनुवार

रहेको गाउँपालिका हो । उक्त गाउँपालिकामा कस्तो छ उम्मेद्धारहरुको अवस्था र कुन(कुन पार्टीको उपस्थिति रहेको छ । भन्ने बिषयमा हामीले जानकारी प्राप्त भएसम्मका रिपोर्टहरु तयार गरेका छौं ।

पालिको अध्यक्षमा नेपाली काँग्रेसवाट काजीबहादुर खड्का (दिनेश) लाई अध्यक्ष र उषा कार्कीलाई उपाध्यक्षमा उठाएको छ भने नेकपा(एमाले)वाट पुरानै अनुहार खडक बहादुर सुनुवार र राधिका श्रेष्ठलाई दोहोर्‍याएको छ । नेपाली काँग्रेसवाट ६ नं वडा अध्यक्ष चन्द्र बहादुर सुनुवार वाहेक कुनैपनि व्यक्तिलाई दोहोर्‍याएको छैन । माओवादी र समाजवादी दुईवटा पार्टी मिलेर तालमेलमा गाउँपालिका अध्यक्षमा इन्द्र प्रसाद फुयाँल र उपाध्यक्षमा बिष्णु बहादुर कार्की उपाध्यक्षमा उठाएका छन् । भने राप्रपाले तुलसीलाल नेवारलाई पालिको अध्यक्षमा उठाएको छ ।

गोकुलगंगा गाउपालिका वाड न १ चुचुरेमा २५७१ मतदाता रहेका छन् । उक्त वडावाट को(को छन् प्रतिस्पर्धामा ।

एमालेवाट

वडा अध्यक्षमा मीनबहादुर कार्की

महिला सदस्य हेम कुमारी तामाङ

दलित महिला सदस्यमा शान्तमाया विक

खुल्ला सदस्यमा कुलबहादर खड्का पाशाङ तामाङ रहेका छन् । उम्मेद्धार बनेका छन् ।

नेपाली काँग्रेसवाट

वडाअध्यक्षमा छत्र बहादुर बस्नेत

महिला सदस्यमा दिर्घमाया खत्री

दलित महिला सदस्यमा विमला खाती

खुल्ला सदस्यमा तोप बहादुर खत्री

खुल्ला सदस्यमा :दुर्गा बहादुर थापा

राप्रपावाट

१ न. वडा अध्यक्षमा सोनाम शेर्पा रहेका छन् ।

माओवादीवाट

वडा अध्यक्षमा सम्बरध्वज तामाङ उम्मेद्धार बनेका छन् ।

गोकुलगंगा वाडन २ ठोसेमा २३९० मतादाता रहेका छन् । उक्त वडाको नेतृत्वामा सुन्दर कार्कीको चर्चा बढी छ ।

नेपाली काँग्रेसवाट

वडा अध्यक्षमा सुन्दर कार्की रुख चिन्हका उम्मेद्धार उनको टिममा को( को छन् त ?

महिला सदस्यमा आङडोमा शेर्पाः गैरीगाउँवाट

दलित महिला सदस्यमा संगीता वि.क चउरपालतवाट

खुल्ला सदस्यहरुमा सुरेन्द्र श्रेष्ठ, अमृत बहादुर कार्की

एमालेवाट

वडा अध्यक्षमा गजेन्द्र श्रेष्ठ

महिला सदस्यमा निर्मला बस्नेत

दलित महिला सदस्यमा शान्तिमाया वि.क.

खुल्ला सदस्यहरुमा वेद बहादुर कार्की, पेम्वा शेर्पा रहेका छन् । पेम्बा शेर्पा काम्वासका युवा नेता हुन् । एमालेमा अन्यमा भोट नहाले पनि वडा सदस्यमा पेम्वालाई बाँकी ६ पृष्ठमा

# सामाजिक सञ्जाल प्रयोगका लागि स्वीकृति अनिवार्य : निर्वाचन आयोग

काठमाडौं । सामाजिक सञ्जालको मार्फत प्रचारप्रसारलाई राजनीतिक दल तथा उम्मेदवारले तीव्रता दिएपछि निर्वाचन आयोगले आचारसंहिता उल्लंघन गर्नेलाई कडा कारबाहीको चेतावनी दिएको छ । साथै सामाजिक सञ्जाल प्रयोगका लागि स्वीकृति लिनुपर्ने आयोगले अनिवार्य गरेको छ ।

३० वैशाखमा हुने स्थानीय तह निर्वाचनको कार्यतालिकाअनुसार आयोगले आइतबार उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरि सकेको छ । अन्तिम सूची प्रकाशन भएको २४ घण्टाभित्र दल तथा उम्मेदवारले सामाजिक सञ्जाल प्रयोगका लागि स्वीकृति लिनुपर्ने आयोगले जनाएको छ ।

स्थानीय तह निर्वाचनमा सहभागी हुने उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन अगाडि निर्वाचन आयोगले राजनीतिक दलहरूलाई सामाजिक सञ्जाल




प्रयोग'दयगत ध्यानाकर्षण गर्दै दुई बुँदे निर्देशन जारी गरेको छ । आयोगले ११ वैशाखको निर्णयमा टेकेर दुई बुँदे निर्देशन जारी गरेको हो ।

आयोगले सामाजिक सञ्जाल प्रयोग गर्न उम्मेदबारको अन्तिम सूची प्रकाशन भएको २४ घण्टाभित्र दलको हकमा आयोग र उम्मेदबारको हकमा निर्वाचन अधिकृतको कार्यालयबाट स्वीकृति लिनुपर्ने भनेको छ । त्यस्तै, यस्तो विवरण सो कार्यालयमा जानकारी गराउनुपर्नेसमेत भनेको छ ।

'राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिताको परिधिभित्र रही आफ्नो प्रचारप्रसार गर्न सामाजिक सञ्जाल खाताको प्रयोग गर्ने भएमा सो विवरण उम्मेदवारको अन्तिम सूची प्रकाशन भएको २४ घण्टाभित्र राजनीतिक दलको हकमा निर्वाचन आयोग र उम्मदेवारको हकमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा त्यस प्रकारका सामाजिक सञ्जालका खाताको विवरण अनिवार्य रूपमा बुझाउने' निर्वाचन आयोगको विज्ञप्तिमा भनिएको छ, 'साथै कुनै राजनीतिक दल वा उम्मेदवारले आयोग वा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयको स्वीकृत नलिई सामाजिक सञ्जालमा बाँकी ६ पृष्ठमा

# चुनावले विप्लवको नेकपा फुट्यो

काठमाडौं । विप्लव समूहका रुपमा चिनिने गरेको नेपाल कम्युनिस्ट



पार्टीभित्र दुई पक्ष एक अर्कालाई निष्काशन गर्ने प्रतिष्पर्धामा छन् । महासचिव विप्लव समूहले अर्को गुटका हेमन्तप्रकाश वली र धर्मेन्द्र बास्तोलालाई निष्काशन गरे । तर, वली र बास्तोलाले १६ वैशाखमा विज्ञप्ति जारी गरी कारबाही खारेज गरिएको जनाएका छन् ।

विप्लव र प्रकाण्डविरुद्ध कडा रुपमा प्रस्तुत हुँदै वली र बास्तोलाले सच्चिन भनेका छन् । यसले विप्लव समूह फुटेर कमजोर अवस्थामा पुगेको छ ।

विप्लव समूहको फुटको कारण चुनाव रहेको छ । विप्लवले चुनावलाई रणनीतिक रुपमा प्रयोग गर्न कार्यकर्तालाई विभिन्न तरिकाले भाग लिन लगाए । कार्यकर्तामा पनि चुनाव मोह देखियो । कतिपयले विभिन्न दल या स्वतन्त्र माध्यमले चुनावमा उम्मेदवारी दिए । बाँकी ६ पृष्ठमा

# एमालेबाट महिला उम्मेदवार सबैभन्दा बढी

काठमाडौं । आसन्न स्थानीय तहको निर्वाचनका लागि नेकपा एमालेले सबैभन्दा बढी महिला उम्मेदवारलाई मैदानमा उतारेको छ । देशको ७ सय ५३ स्थानीय तहमध्ये ७ सय ३८ स्थानीय तहका प्रमुख र अध्यक्षमा उम्मेदवारी दर्ता गराएको केपी शर्मा ओली नेतृत्वको एमालेले नगरपालिका प्रमुखमा २७ र गाउँपालिका अध्यक्षमा २८ जनासहित ५५ जना महिलालाई उम्मेदवार बनाएर पहिलो राजनीति दल भएको हो । ३० वैशाखमा हुने निर्वाचनका लागि एमालेले २ सय ६० जनालाई नगरपालिका उपप्रमुख तथा ४ सय १० जनालाई उपाध्यक्षको रुपमा मैदानमा उतारेको निर्वाचन आयोगले जारी गरेको तथ्यांकमा उल्लेख छ ।

यसैगरी, निर्वाचन आयोगका अनुसार पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र)ले १८ जना महिलालाई नगर प्रमुख र २९ जनालाई गाउँपालिका अध्यक्षसहित ४७ जनालाई उम्मेदवार बनाएको छ ।

माओवादी केन्द्रले नगर प्रमुख र गाउँपालिका अध्यक्षमा ४ सय १७ स्थानीय तहमा मात्रै उम्मेदवारी दिएको छ । राजेन्द्र लिङदेन नेतृत्वको राप्रपाले २ सय २७ स्थानीय तहमा प्रमुखका लागि उम्मेदवारी खडा गर्दा २७ जना महिलालाई प्रमुख पदमा उम्मेदवार बनाएको छ । सोही पार्टीले गाउँपालिका अध्यक्षमा ४२ जना महिलालाई स्थान दिएको छ । राप्रपा महिला उम्मेदवार बढी बनाउनेमा तेस्रो ठूलो राजनीतिक शक्ति भएको छ । बाँकी ६ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# २०७९ निर्वाचनमा असल व्यक्तिहरु जनताले चुनुन्

यहि वैशाख ३० गते हुन लागेको स्थानीय निर्वाचनमा जनताले असल, सक्षम, योग्य समाजप्रति जवाफदही जनप्रतिनिधि चुनुन् । विगतका निर्वाचनहरुमा जनतालाई ढाँटेर नेतृत्वदायी भूमिकामा पुगेका जनप्रतिनिधिले दिएको धोका वर्तमानमा पनि नआओस भन्नका लागि समयमा नै जनताले असल ब्यवहार भएका, जनताप्रति जवाफदेही हुने देश र जनताको पक्षमा काम गर्न सक्ने क्षमता भएका योग्य नेतृत्व चयन गर्ने सुवर्ण अवसर स्थानीय निर्वाचन हो ।

पाँच बर्षमा एकपटक आउने यस्तो महत्वपूर्ण अवसर जनताले जतिसक्दो सदुपयोग गर्नुपर्छ । असल शाशनका लागि स्थानीय जनताले नै चुनेर पठाएका प्रतिनिधिहरुले स्थानीय सरकारलाई दिएका ६४ प्रकारका अधिकारहरु प्रयोग गरेर गाउँ, टोल, वडा, पालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका लगायतमा विकास गर्न सक्छन् । ति अधिकारलाई जनता र देशको पक्षमा निर्णय गर्न/गराउन जनताप्रति जवाफदेही, अनुभवी, जनताको पक्षमा काम गर्ने स्थानीय रुपमा नै भिजेको खटेको जनताको सेवामा अहोरात्र खट्ने जनप्रतिनिधिहरुलाई स्थानीय जनताले मतद्वारा प्रकट गर्ने अवसर हो ।

जनताको लागि जनताले नै चुनेर पठएका जनताकै लागि काम गर्ने परिपाटीलाई प्रजातान्त्रिक अभ्यास भनिन्छ । नेपालको २०७२ सालको संविधानले पनि गणतन्त्र लोकतान्त्रिक समावेशी समान हकको रक्षा गर्ने गरी स्थानीयलाई स्वयत सहितको अधिकार प्रदान गरेको छ । उक्त अधिकारलाई जनताको कार्यन्वयन गर्न सक्ने नेतृत्व २०७८ सालको स्थानीय निर्वाचनमा जनताद्धारा गोप्य मतदान गरेर छान्ने अवसरलाई समाज हितको पक्षमा पार्न सक्नुपर्छ । यो नै जनताहरुको आफ्।

नो अधिकार सुरक्षित गर्ने अवसर हो ।

यस्तो महत्वपुर्ण अवसरहरुलाई लोभ, लालच र भ्फट्टा आश्वसनमा परेर दुरुपयोग हुन दिनुहुदैन । विगतमा पनि यस्ता गलत क्रियाकलाप जनता र नेता विचमा भएको कारण असल, नेतृत्वहरु देशले पाउन सकेको छैन ।

पुरानै अनुहारहरुले घुमिफिरी साशन गर्ने र जनताको सोच एकातिर पार्टीका नेताको काम गर्ने तरिका अर्कोतिर हुदा देशले सोचेको परिवर्तन गर्न सकेको छैन । जसको परिणाम देशका उर्जाशक्ति युवाहरु रिन काडेर लाइन बसी विदेश जान बाध्य छन् । यस्तो चलनको अन्त्य गर्न जुन पार्टीका ब्यक्तिले चुनावको प्रतिवद्धता पत्रमा उल्लेख गर्छन । त्यस्ता योजनाहरुमा जनताले मतदान गरेर जिताउनु पर्छ । यो महान कार्य गर्न जनतो मतदान सही ठाउँमा मत दिई सदुपयोग गर्न सक्नुपर्छ ।

यस्तो महत्वपूर्ण अवसरवाट कोही पनि मतदाता नामवलीमा नाम भएका सम्भव भएसम्मका कोही पनि नागरिक नछुट्टौ नचुकौ ।

# मुख तथा सिंगो शरीरबीच अन्तरसम्बन्ध

**डा. प्रकाश बुढाथोकी**

विश्वमै मानव समुदायलाई सताउने सबैभन्दा बढी नसर्ने, दीर्घकालीन प्रकृतिका रोगहरूमा मुखमा पाइने रोग पर्छन् । यी रोगहरूले पैदा गर्ने दुखाई, असहजता, कुरुपपना र कहिलेकाहीँ हुने मृत्युले मान्छेको गुणस्तरीय जीवनमा प्रभाव पार्छ । यसले व्यक्ति, समाज र राज्यको जीवनमा अनावश्यक आर्थिक भार थप्छ । नेपाल यसमा अछुतो छैन ।

के शिक्षित, अशिक्षित, के शिक्षक, विद्यार्थी, के गरिब, धनी सबै तह र तप्कामा नियमित दन्तपरीक्षणको अनुभव देखिँदैन । समस्या, असह्य पीडा, जटिलता भए मात्र अस्पताल तथा चिकित्सक कहाँ पुग्ने चलन छ । परीक्षणको कुरा गर्दा प्रायः जसोले निःशुल्क स्वास्थ्य शिविरमा वा टुथ पेस्ट र ब्रस बाँडेको शिविरमा गराएको धेरै जना बताउँछन् । त्यसो त दन्त्य समस्या भइकन पनि शिविरको प्रतीक्षामा बसिरहेका कम भेटिँदैनन् । विदेश जाने, वैदेशिक रोजगारमा जाने भरि गराउनुपर्ने बाध्यता वा बाहिर महँगो हुन्छ भन्ने हल्ला सुनेकाहरू, विदेश जानुभन्दा पहिले परीक्षण गराउने गर्छन् ।

### शरीरको प्रवेशद्वार

मुख आयतनले सानो अंग भए पनि महत्वको आधारमा ज्यादै ठूलो एवं अहं अंग हो । 'अबगकभ मुख शरीरको प्रवेशद्वार हो तसर्थ मुखबाट खाइएका/लिइएका खाद्यपदार्थहरू जस्तै खाना, नास्ता, औषधिले शरीरका सम्पूर्ण अंगप्रत्यंगलाई स्वस्थ राख्न सहयोग पुऱ्याइरहेका हुन्छन् ।

एउटा अस्वस्थ, रोगी वा बिरामी, फोहोर मुखबाट लिइएको खाद्यपदार्थ जतिसुकै महँगो स्वादिलो वा आकर्षक भए पनि शरीरले वा शरीरका अंगप्रत्यंगले समुचित रूपमा सदुपयोग गर्न सक्दैन । जस्तै, कोठा वा घरमा छिर्ने ढोका नै फोहोर भयो भने घर/कोठा जतिसुकै सफा भए पनि सफा रहन सक्दैन ।

### शरीरको ऐना

केही अवस्थामा शरीरमा देखिने रोगको परिसूचकका रूपमा अर्थात् शरीरमा रोग देखिनुभन्दा पहिले नै मुखमा समस्या देखिन्छन् भने केहीमा साथसाथै त केही अवस्थामा जटिलताको जानकारी दिन दाँत तथा मुखमा रोग र समस्या देखिन्छन् । दादुरा आउनुभन्दा दुई/चार दिन पहिले मुखमा कप्लिक स्पट देखिन्छ । एडसमा सबैभन्दा पहिले मुखमा कापोसिस साकौमा देखिने गर्छ ।

शरीरमा र मुखमा लक्षण तथा चिह्नहरू साथ साथै देखिनेमा मधुमेहीमा फलफलको गन्ध, रक्त अल्पतामा मुख र जिब्रोको सुजन देखिन्छ । केहीमा प्रणालीका रोगद्वारा जटिलता उत्पन्न भएर मुखमा समस्या देखिन सक्छन् । कलेजोको रोगमा गिजाबाट रगत आउने, बिग्रेको अण्डाको गन्ध आउने हुन्छ ।

भोक लागेका बेला खानेकुराको जत्ति महत्व हुन्छ, खाना खाइसकेपछि दाँत, जिब्रो र मुख सफा गर्नुलाई पनि उत्ति नै महत्व दिनुपर्छ

### ढिलो नगरौं उपचार

दाँत तथा मुखका सामान्य रोग तथा समस्याले पनि जति समय ढिलो भयो, त्यति नै उपचारको प्रक्रिया लामो हुने, जटिल हुने, निर्मूल गर्न नसकिने हुनुका साथै महँगो पनि पर्न जान्छ । दाँत किराले खाने, दन्तहर्षा र पाइरियाजस्ता सामान्य रोगबाट स्पेस संक्रमण हुन गएपछि गएर खाद्यनली र सास फेर्ने नली थिचिन गई सास फेर्न नसकी मर्न सकिन्छ ।

सेलुलाइटीस, पिनास र दिमागमा क्याभरनस साइनस थोम्बोसिससम्म हुन सक्छ । श्वासप्रश्वास सम्बन्धी रोग निमोनिया, दम, मुटुसम्बन्धी रोग, बाथज्वरो, अनियन्त्रित मधुमेह, हड्डी कमजोर हुने, हृदयाघात, मष्तिष्कघात हुने सम्भावना बढी हुन्छ । मुटु रोग, टाइप-२ मधुमेह, गर्भपतन-मिसक्यारियज र पुरुषमा शुक्रकिटको गुणस्तरमा प्रभाव पारेका खोजहरूले देखाएका छन् । गर्भवती महिलामा समस्या भए, समयभन्दा पहिले नै बच्चा जन्मने र शारीरिक तथा मानसिक रूपले कमजोर बच्चाको जन्म हुने सम्भावना रहन्छ । धारिला, नमिलेका दाँत, लामो समयसम्मको घाऊ खटिरा, रोग, फोहरले मुखको क्यान्सर हुने गर्छ । ढिलो गर्भाधारण हुने, बाँझोपनालगायत अनेकन प्रजनन स्वास्थ्यमा समेत असर पार्छ ।

**दाँत तथा मुखका सामान्य रोग तथा समस्याले पनि जति समय ढिलो भयो, त्यति नै उपचारको प्रक्रिया लामो हुने, जटिल हुने, निर्मूल गर्न नसकिने हुनुका साथै महँगो पनि पर्न जान्छ । दाँत किराले खाने, दन्तहर्षा र पाइरियाजस्ता सामान्य रोगबाट स्पेस संक्रमण हुन गएपछि गएर खाद्यनली र सास फेर्ने नली थिचिन गई सास फेर्न नसकी मर्न सकिन्छ ।**

**सेलुलाइटीस, पिनास र दिमागमा क्याभरनस साइनस थोम्बोसिससम्म हुन सक्छ । श्वासप्रश्वाससम्बन्धी रोग निमोनिया, दम, मुटुसम्बन्धी रोग, बाथज्वरो, अनियन्त्रित मधुमेह, हड्डी कमजोर हुने, हृदयाघात, मष्तिष्कघात हुने सम्भावना बढी हुन्छ । मुटु रोग, टाइप-२ मधुमेह, गर्भपतन-मिसक्यारियज र पुरुषमा शुक्रकिटको गुणस्तरमा प्रभाव पारेका खोजहरूले देखाएका छन् । गर्भवती महिलामा समस्या भए, समयभन्दा पहिले नै बच्चा जन्मने र शारीरिक तथा मानसिक रूपले कमजोर बच्चाको जन्म हुने सम्भावना रहन्छ । धारिला, नमिलेका दाँत, लामो समयसम्मको घाऊ खटिरा, रोग, फोहरले मुखको क्यान्सर हुने गर्छ । ढिलो गर्भाधारण हुने, बाँझोपनालगायत अनेकन प्रजनन स्वास्थ्यमा समेत असर पार्छ ।**

### सीमित सरकारी पहल

हाम्रो जस्तो निम्न आर्थिक हैसियत भएको देशका लागि यी रोकथाम गर्न सकिने प्रकृतिका रोगहरूले थप आर्थिक भार पार्छन् । तसर्थ, मानव जीवनलाई सुखदायी बनाउन व्यक्ति, समाज र राज्यलाई आर्थिक बोझबाट बचाई गुणस्तरीय मानव जीवन बनाउनलाई समुदाय र राष्ट्रलाई सहयोग गर्ने उद्देश्यले तथा सरकारी स्वास्थ्य सेवामा उपेक्षित भएको महसुस गर्दै विगत तीन वर्षदेखि नेपाल सरकारले उपचारात्मक सेवा महाशाखा अन्तर्गत मुख स्वास्थ्य शाखा खोलेको छ ।

सो शाखाले दुई वर्षदेखि काम तथा कार्यक्रम गर्दा हरेक स्थानीय तहमा स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण, महिला स्वास्थ्य स्वयंसेविका र विद्यालयका स्वास्थ्य शिक्षक/शिक्षिकालाई अभिमुखीकरण तथा विद्यार्थीहरूको दाँत परीक्षण शिविर राख्दै आएको छ । त्यस्तै, प्रदेश सरकारलाई सातवटै स्वास्थ्य तालिम केन्द्रमा प्रशिक्षक प्रशिक्षण तालिम र ७७ वटै जिल्ला स्वास्थ्य कार्यालयमा तालिम तथा अभिमुखीकरण राखेको छ । त्यस्तै, संघ अर्थात् विभागमार्फत संघीय दाँत तथा मुखरोग अस्पतालको स्थापना, पाथ फाइन्डर सर्भे, मुख स्वास्थ्य रणनीति, तहगतका संस्थाबाट प्रदान गरिने सेवा र मापदण्ड, डेन्टल ल्याबको सेवासहितको मापदण्ड र वर्गीकरण, डेन्टल, अर्थो र प्रोस्थो तथा डेन्टल ल्याबको स्तरीय उपचार पद्धति, प्रदेशका नीतिनिर्मातालाई अभिमुखी करण, संघीय र प्रदेश अस्पताल हरूको कार्यशाला गोष्ठी समावेश छ । त्यस्तै, कृत्रिम दाँत विशेषज्ञ शिविर, एचएमआईसमा प्रविष्टीकरणलगायतका कार्यक्रम यस आर्थिक वर्षमा गरिरहेको छ । सरकारले पहिलो प्राथमिकता जनचेतना अभिवृद्धि र रोकथाममा नै दिएको छ । आकस्मिक उपचार र आधारभूत उपचार हरेक वडासम्म पु-याउन पहल जारी छ ।

व्यवस्थापन

आत्महत्या गर्न सक्नेसम्मको दुखाइबाट मुक्त रहन, महँगो उपचारबाट राहत पाउन, मुखको रोगका कारणबाट शरीरका प्रणालीमा लाग्न सक्ने विभिन्न रोगहरूबाट ग्रसित नहुन, प्रणालीमा भएका रोगहरूलाई निको पार्न, साथै औषधिको आवश्यकता कम गर्नलगायत दा"त तथा मुखका अंग–प्रत्यंगलाई अंगभंग हुनबाट जोगाउन तथा 'स्वस्थ दाँत, स्वच्छ मुख नै स्वस्थ जीवनको आधार हो' भन्ने भनाइलाई व्यवहारतः चरितार्थ पार्न मुख स्वास्थ्यमा ध्यान पु-याउनैपर्छ ।

टाँसिने, प्रशोधित, गुलिया, धेरै तातो, चिसो र अमिलो खाद्य पदार्थ साथै सुर्तीजन्य पदार्थ, पान, सुपारीको प्रयोगदेखि चार हात टाढा रहनुपर्छ । रेसादार, ताजा फलफूल, हरियो सागपात, दूध, माछाजस्ता सन्तुलित खानाको प्रयोग गर्नुपर्छ । अतिले क्षति गर्ने भएकाले अति साह्रो, तातो, चिसो, अमिलोलगायतमा परहेज जरुरी छ । बालक जन्मेदेखि नै दन्त परीक्षण गराउनुपर्छ र नियमित रूपमा सामान्यतः हरेक ६ महिनामा दन्त परीक्षण गराउने बानी बसाल्नुपर्छ । उपचार गराउँदा पनि ध्यान दिनैपर्छ, अन्यथा रोगको उपचार गर्न गएकोमा फर्कंदा अपरिवर्तित नोक्सान, जटिलता, थुप्रै सरुवा, संक्रामक र भयानक रोग बोकेर घर फर्किन सकिन्छ । तसर्थ कच्चा वैद्यगिरी वा कुट चिकित्सालाई कसरी निमूर्ल पार्न सकिन्छ भनेर सबै पक्ष मिल्न जरुरी छ ।

दिनको दुईपटक बिहान खानापछि र राति सुत्नुअघि तल माथि गरी दाँतका कुनै पनि सतह नछुट्ने गरी सबै दाँत तथा जिब्रो सफा गर्ने गर्नुपर्छ । सम्भव भए नरम टुथब्रस नभए दतिवन र फ्लोराइड भएको केराउ दाना जति दन्तमन्जन प्रयोगगरी सबै दा"तका सबै सतह सफा गर्न अल्छी तथा हतार मान्न हुँदैन । अन्य समयमा खाना वा नास्ता खानासाथ सफा पानीले मुख कुल्ला गर्ने बानी बसाल्नपर्छ । दुई दाँत बीचको सतह डेन्टल फ्लसको प्रयोग गरी सफा गर्नुपर्छ । बालक दुई वर्ष नपुग्दासम्म सफा कपास पानीले र दुई वर्षको उमेरदेखि नरम ब्रसले दाँत सफा गरिदिनुपर्छ । एक दिनमा बिहान खाना खाइसकेपछि ४ मिनेट र बेलुका सुत्नु अगाडि ४ मिनेट मुखको सरसफाइमा दिनुपर्छ । अन्तमा, भोक लागेको बेला खानेकुराको जत्ति महत्व हुन्छ, खाना खाइसकेपछि दाँत, जिब्रो र मुख सफा गर्नुलाई पनि उत्ति नै महत्व दिनुपर्छ भन्ने धारणा विकसित गर्न जरुरी छ । अब दात सफा गर्ने ब्रस र मन्जन अगाडि राखेर तथा सारेर मात्र खाना खान बस्नपर्छ । राजधानी दैनिक

# दुबई पठाईदिन्छु भनी रकम ठगी गर्ने २ जना पक्राउ

काठमाडौं, दुबई पठाई दिन्छु भनी रकम ठगी गर्ने अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा ललितपुर ठेचो बस्ने पर्सा वीरगञ्ज महानगरपालिका ५ घर भएका ३३ वर्षीय विकास तामाङ र सोही ठाउँ बस्ने ६० वर्षीय हरि बहादुर तामाङ रहेका छन् । विकासलाई बिहीबार काठमाडौं महानगरपालिका चुच्चेपाटीबाट र हरि बहादुरलाई ललितपुर महानगरपलिका ४ जावलाखेलबाट प्रहरीले पक्राउ गरेको हो । उनीहरुले काठमाडौं महानगर पालिका १० शान्तिनगर बस्ने मोरङ रतुवामाई नगरपालिका ९ इटहरा घर भएका २० वर्षीय पुरुष समेत ५ जनालाई भिजिट भिषामा दुबई जान प्रतिव्योक्ति १ लाख ९० हजार रुपैयाँ लाग्छ, दुबई पुगेपछि प्रतिष्ठित कम्पनीमा काम लगाइदिन्छु तथा मासिक ३ हजार दिराम तलब हुन्छ भनी प्रलोभनमा पारी जम्मा ९ लाख ५० हजार रुपैयाँ लिई सम्पर्क विहीन भई ठगी गरेको खुल्न आएको छ । उनीहरुलाई आवश्यक अनुसन्धान र कारबाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौं पठाएको छ ।

१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा महालक्ष्मी नगरपालिका ६ सानागाउँ डेरा गरी बस्ने काभ्रे तिमाल गाउँपालिका ५ घर भएका १९ वर्षीय बुद्ध लामा भन्ने सन्तोष तामाङलाई प्रहरीले पक्राउ गरेको छ । तामाङले ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त सातदोबाटोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । रुपन्देही, ११ वर्षीया र ७ वर्षीया दुई जना बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बुटवल उपमहानगरपालिका ३ बस्ने रोल्पा लौङ्गी गाउँपालिका ४ घर भएका २० वर्षीय भुपेन्द्र पोखरेललाई प्रहरीले पक्राउ गरेको छ । पोखरेलले बालिकाहरूलाई बुटवल उपमहानगर पालिका ३ तिनाउ खोला बगरमा गत चैत २१ गते ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । सिटी सफारी तथा ब्याट्री चोरीमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा विराटनगर महानगरपालिका ८ बस्ने २२ वर्षीय मोहमद जुमन, सोही महानगरपालिका १२ बस्ने २२ वर्षीय पवन रविदास र सोही महानगरपालिका ११ बस्ने ३४ वर्षीय मोहमद अन्सारूल रहेका छन् । विराटनगर महानगरपालिका ६ स्थित रामपुर चौकमा को.२ ह ३६१० नम्बरको अटो टेम्पोमा सिटी सफारीमा प्रयोग हुने ५ थान ब्याट्री चोरी गरी लैजाँदै गरेको अवस्थामा उनीहरूलाई वडा प्रहरी कार्यालय (क) विराटनगर बाट खटिएको प्रहरीले पक्राउ गरेको हो । थप अनुसन्धानको

बाँकी ६ पृष्ठमा

# दुई दिन बिदाः सरकारको जनविरोधी र आत्मघाती निर्णय

सागर पण्डित

नेपाली कांग्रेसका आदर्शवान नेता बीपी कोइरालाको एउटा भनाइ र सुझाव निकै सान्दर्भिक र मन छुने खालको छ । उनले शासकले हरेक निर्णय गर्नुभन्दा अघि देशको माटो र जनताको हितलाई सम्झिएर गर्नुपर्ने बताएका थिए । तिनै बीपीका आदर्शलाई पछ्याउँदै आइरहेको कांग्रेसको नेतृत्वमा अहिले मुलुकमा गठबन्धन सरकार छ । यो सरकारको नेतृत्व गरेका छन् कांग्रेसका सभापति शेरबहादुर देउवाले । तर, देउवा सरकारले गर्ने हरेक निर्णय बीपी कोइरालाले भने जस्तै देश र जनताको पक्षमा हुँदैनन् । ती निर्णय त उल्टो केही मुठीभरका शासकहरू र तिनका आसेपासेको चाहनाबमोजिम हुने गरेका छन् । अझै कतिपय निर्णयहरू त बिचौलिया, माफिया र तस्करको प्रभावमा परेर गरेको समेत देखिँदै आएको छ । बीपीको आदर्श बोकेको भनिएको कांग्रेसका सभापति देउवाले बीपीको आदर्शलाई व्यवहारमा उतार्ने विषयलाई बेलुन हावामा उडे जसरी उडाइदिएका छन् । त्यसैले पनि होला अहिले कांग्रेस विचार र सिद्धान्तबाट दिनप्रतिदिन च्यूत हुँदै जान थालेको छ । देउवा नेतृत्वमा रहँदासम्म कांग्रेस अझै स्खलित भएर जाने देखिएको छ । वर्तमान सरकार भ्रष्टाचारको दलदलमा नराम्ररी फसेको छ । सम्भवतः सरकारको यही कर्तुतका कारण अब यो सरकारको पतन अवश्यम्भावी छ ।

देउवा नेतृत्वमा रहेको गठबन्धन सरकारले हालै एउटा गलत र जनतामारा निर्णय गरेको छ । सातामा एक दिन मात्रै दिइने गरिएको सार्वजनिक बिदाको समय बढाएर दुई दिन बनाइएको छ । आगामी १ जेठदेखि अब कर्मचारीले शनिबार र आइतबार गरी दुई दिन बिदा पाउनेछन् । अब जनताले पाउने सेवालाई सातामा पाँच दिनमा मात्रै सीमित गरिएको छ । सरकारले हाल देखिएको इन्धन समस्या कमी गर्नका लागि दुई दिन बिदा दिइएको तर्क गरेको छ, जुन हास्यस्पद छ । भ्रष्टाचारको दलदलमा फसेको सरकारको यो तर्क आफ्नो भ्रष्टाचारको रेकर्ड जोगाउने हर्कतबाहेक अरू केही होइन । नेपालजस्तो विकाशोन्मुख र भौगोलिक रूपमा पिछडिएको मुलुकमा सातामा दुई दिन बिदा दिएर कर्मचारीलाई रिल्याक्स गर्ने अवसर दिइएको छ । तर, आमजनतालाई भने ठाडै प्रताडित पार्ने काम गरिएको छ । सरकारको यो निर्णयले विशेषगरी विकट र दूरदराजमा रहेका सर्वसाधारण जनता अत्याधिक मारमा पर्नेछन् । यसो त सहरी क्षेत्रमा रहेका सर्वसाधारण जनता पनि सरकारको यो निर्णयबाट प्रताडित हुनेछन् ।

सरकारको यो निर्णयले विशेषगरी विकट र दूरदराजमा रहेका सर्वसाधारण जनताहरू अत्याधिक मारमा पर्नेछन् । यसो त सहरी क्षेत्रमा रहेका सर्वसाधारण जनता पनि सरकारको यो निर्णयबाट प्रताडित हुनेछन् ।

राजनीतिक नेतृत्व भ्रष्ट भएर होला हाम्रो कर्मचारी संयन्त्र पनि त्यस्तै भ्रष्ट र अपारदर्शी छ । कर्मचारी संयन्त्रमा चौतर्फी विकृति छ । केही अपवादलाई छोडेर धेरै कर्मचारी स्वार्थी र अवसरवादी छन् । उनीहरू आफ्नो हितअनुकूल हुने हो भने जे गर्न पनि तयार हुने गर्छन् । तर, जनताको काममा उनीहरूलाई कुनै ध्यान नै छैन । उल्टो हुने काम पनि विभिन्न बहाना देखाएर कैयौं दिनसम्म झुलाउने गर्छन् । त्यसैले यहाँको कर्मचारीप्रति आमजनताको राम्रो दृष्टिकोण छैन । कर्मचारीले जनतालाई सेवा दिने विषयलाई आफ्नो मुख्य प्राथमिकतामा राख्दैनन् । सेवाप्रवाह निकै कमजोर छ । जनताले सेवा लिने क्रममा कर्मचारीबाट मानसिक सास्ती भोग्न परिरहेको छ । कतिपय निकायमा घुस बिना काम नै नहुने अवस्था छ । नेपालको प्रशासन प्रणाली भद्रगोल र अव्यवस्थित किसिमले सञ्चालन हुँदै आइरहेको छ । यसमा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवै उतिकै दोषी र जिम्मेवार छन् । यस्तो अवस्थामा दुई दिनको बिदाले प्रशासनिक संयन्त्र झनै भद्रगोल बन्ने निश्चित छ । कोभिडका कारण मुलुकको आर्थिक अवस्था समेत संकटग्रस्त भएको अवस्थामा सरकारी निकायले रातदिन काम गरेर संकटग्रस्त आर्थिक अवस्थामा सुधार ल्याउनुपर्नेमा उल्टै दुई दिन बिदा दिँदा उत्पादकत्वमा ह्रास आउने छ । जसको असर समग्र मुलुकको विकास र प्रगतिमा पर्ने निश्चित छ । यस्ता समस्यालाई समयमा नै समाधान गर्न नसकिएमा देश लामो समयसम्म संकटमा पर्न सक्ने अवस्था रहँदा पनि सरकार र कर्मचारी संयन्त्र यो विषयमा संवेदनशील बन्न नसक्नु घोर विडम्बना भएको छ ।

नेपालको प्रशासन प्रणाली भद्रगोल र अव्यवस्थित किसिमले सञ्चालन हुँदै आइरहेको छ । यसमा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवै उतिकै दोषी र जिम्मेवार छन् । यस्तो अवस्थामा दुई दिनको बिदाले प्रशासनिक संयन्त्र झनै भद्रगोल बन्ने निश्चित छ । यो सरकारले दुई दिन बिदा दिँदा त्यसले जनतामा पार्ने असर'दयगत कुनै अध्ययन विश्लेषण नै नगरी हचुवाका आधारमा निर्णय गरेको देखिन्छ । यदि, सरकारले जनताको हित र समृद्धिको विषयलाई सोचेको हुन्थ्यो भने यस प्रकारको प्रतिगामी निर्णय गर्दैनथ्यो । त्यसैले पनि वर्तमान सरकार आमजनताको अहितमा छ भन्ने बुझ्न कठिन छैन । यो सरकार बनेदेखि यता साना तिना चाडवाडमा समेत सार्वजनिक बिदा दिँदै आएको छ । बिदा दिन मरिहत्ते गर्ने सरकार सेवा पाउनका लागि तड्पिने गरेका जनताका दुःख र आँसु'दयगत पूर्णरूपमा बेखबर जस्तै छ । एउटा विकट गाउँबस्तीबाट सरकारी सेवा लिन सहर आउनु पर्दाको पीडा'दयगत सरकारमा रहेकाहरू संवेदनहीन देखिएका छन् । कसरी हुन्छ जनताले पाउने सेवा प्रवाहलाई सुलभ बनाउने र आमजनता तथा मुलुकमा सरकार वास्तविक रूपमा नै रहेको अनुभूति दिलाउने कार्यमा समेत सरकार पूर्णरूपमा असफल हुँदै आएको छ । सरकारको यो असफलतासँग हुकिँदै गरेको हाम्रो संघीय लोकतान्कि गणतन्त्रात्मक शासन व्यवस्थाको संस्थागत विकासमा समेत गम्भीर धक्का लाग्न थालेको छ । छोटो समयमा नै कतिपय जनतामा संघीय शासन प्रणालीप्रति वितृष्णा पैदा हुन थालेको छ । यो सबै शासकको असक्षमताको परिणाम हो । शासकहरू भ्रष्टाचारमा लिप्त हुँदा त्यसको प्रत्यक्ष असर आमजनतामा पर्छ । संघीय शासनअनुसार चलेका तीनवटै सरकार संघीय शासनको मर्मअनुसार काम गर्ने विषयमा नराम्ररी चुक्दै जान थालेका छन् । स्थानीय तह र प्रदेश सरकार पनि केन्द्रीय सरकार जस्तै भ्रष्टचारको दलदलमा फस्दै जान थालेको छ । सरकारले बिना अध्ययन हचुवाका आधारमा गरेको यो निर्णय छिटोभन्दा छिटो खारेज गर्नुपर्छ । अन्यथा सरकारको यो निर्णय सरकारकै लागि आत्मघाती बन्नेछ । यसअघि पनि दुई दिन विदा दिने निर्णय भएको भए पनि त्यो राम्ररी कार्यान्वयन नभई असफल भएको थियो । अहिले पनि यदि यो निर्णय खारेज भएन भने आमजनस्तरबाटै यसको प्रतिरोध गर्न जरुरी छ । राजधानी दैनिक

# जनकपुरमा गठबन्धनमा गडबड

जनकपुरधाम । ५ दलीय गठवन्धन बनाएर स्थानिय निकायमा होमिएको घोषणा गरेपछि पनि जनकपुरधाममा त्यसको प्रभाव खासै देखिएको छैन । ५ दलीय गठवन्धन मध्ये नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टीको जनकपुरधाममा प्रभाव रहेको छ । तीनटै पार्टीले वडामा छुट्टा छुट्टै उम्मेदवार उठाएका छन् भने मेयरमा जसपा र उपमेयरमा कांग्रेसले मात्रै उम्मेदवारी दिएको छ । जनकपुर धाममा सत्ता गठबन्धनबाट जनता समाजवादी पार्टी (जसपा)बाट मेयर पदका उम्मेदवार लालकिशोर साह र नेपाली काँग्रेसबाट उपमेयरका किशोरी साहले उम्मेदवारी दर्ता गराएका छन् । ती पार्टीहरुले छुट्टा छुट्टै प्रचार प्रसार शुरु गरेका छन । यतिसम्म कि आफनो ब्यानरमा समेत एकले अर्का पार्टीको नेतालाई राखेको छैन । मेयरले छुट्टै व्यानर बनाएका छन् भने उपमेयरले छुट्टै व्यानर बनाएर आफनो फोटो राखेका छन् । कानुन व्यवसायी श्यामकुमार मिश्रले भने '५ दलीय गठबन्धन मिलेर चुनाबमा गएको अनुभूति जनकपुरधाममा भैरहेको छैन ।' सत्ता गठबन्धनसँगै मत माग्ने र एक अर्कोलाई सघाउने भनिए पनि त्यो लक्षण सुरुवात मै समाप्त भएको देखिन्छ । सत्ता गठबन्धनको तर्फबाट जनकपुरधाम उपमहानगरपालिकामा गतसाता पत्रकार सम्मेलन गरिएको थियो । सो सम्मेलनमा सत्ता गठबन्धन नेपाली काँग्रेसका तर्फबाट उपमेयरमा उम्मेदवार किशोरी साह मात्र सहभागी भएका थिए, काँग्रेसका अन्य नेता कार्यकर्ताहरु देखिएन् । त्यस्तै जसपाबाट मेयर पदका उम्मेदवार लालकिशोर साह र उनका पार्टीका नेता कार्यकर्ताहरुको मञ्चमा राम्रै उपस्थिति देखिएको थियो । सामाजिक सञ्जालमा राखिएको प्रचार प्रसारमा नेपाली काँग्रेसका वडाअध्यक्षका उम्मेदवारहरुले उपमेयरका उम्मेदवार किशोरी साह र वडाअध्यक्ष एवं सदस्यहरुको फोटो, नाम र रुख छाप राखेपनि मेयरको फोटो, नाम र जसपाको छाता छाप राखेका छैनन् । यसको अर्थ काँग्रेस उम्मेदवारहरु किशोरी साहको मत मागिरहेका छन् । उता मेयरको तर्फबाट राखिएका प्रचार प्रसारमा पनि सत्ता गठबन्धन नेपाली काँग्रेसका उपमेयरका उम्मेदवार

बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापको मन्थलीमा काँग्रेस र एमाले वीच प्रतिस्पर्धा

रामेछापको मन्थली नगरपालिकामा २०७९ साल बैशाख ३० गते हुन लागेको निर्वाचनमा नेपाली काँग्रेस र एमालेको चरम प्रतिस्पर्धा हुने भएको छ । २०७४ सालको निर्वाचनमा एमालेले जितेको मन्थली नगारपालिकामा एमालेवाट मेयर जितेका रमेश वस्नेत नेकपा(एकीकृत समाजवादी) पार्टीमा लागेपछि उम्मेद्वारकै लागि हानाथाप भएको एमालेले अन्तिमा लव श्रेष्ठलाई मेयरमा उठाएको हो । त्यसैगरी नेपाली काँग्रेसवाट विनोद कार्कीलाई पनि त्यसैगरी अन्तिममा मेयरको उम्मेद्वार उठाएको हो । सरकारमा रहेका ५ दलीय गठबन्धन पार्टीवीच तालमेल गर्ने गरी भएको केन्द्रको निर्णय जस्तै नगरपालिकामा निर्णय कुरेर बसेको नेपाली काँग्रेस रामेछाप जिल्ला समितिले समयमा नै गठबन्धन मिलाउन नसक्दा अन्तमा एक्लाएक्लै चुनावमा प्रतिस्पर्धा गर्नेगरी गएका हुन् ।

मन्थलीमा कुन कुन पार्टीले दिए मेयरमा उम्मेद्वारी

नेपाली काँग्रेसः विनोद कार्की, नेकपा(एमाले) लव श्रेष्ठ, नेकपा(माले) मनोज बुढाथोकी, नेकपा (माओवादी केन्द्र) दिपक प्रसाई रहेका छन् । त्यस नगरपालिकामा मुख्य प्रतिस्पर्धा एमाले र काँग्रेसको नै हुने भएको छ । विगतको निर्वाचनमा १५०० मतले अगाडी रहेको एमालेको मत समाजवादी पार्टीले त्यतिनै संख्यामा घटाउदा नेपाली काँग्रेस र एमालेको झण्डै झण्डै वरावरको अवस्थामा छन् । जसले बढी मेहनत गर्छ यसैले निर्वाचन जित्ने अवस्था रहेको छ ।

## रामेछापमा ३३६ पदका लागि १२५९ को उम्मेदवारी

रामेछाप जिल्लाको ८ वटा पालिका र ६४ वटा वडामा ३३६ पदका लागि १ हजार २ सय ५९ जनाको उम्मेदवारी परेको छ ।बैशाख ३० गते हुने स्थानिय तहको निर्वाचनका लागि विभिन्न पदमा गरि जम्मा १ हज २ सय ५९ जनाको उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृतको कार्यालय मन्थलीले जानकारी दिएको छ । रामेछाप जिल्लामा रहेको २ नगरपालिका र ६ गाउपालिका र ६४ वटा वडामा गरि निर्वाचित हुने पद ३३६ का लागि १ हजार २ सय ५९ जनाको उम्मेदवारी परेको छ ।जस्मा मन्थली नगरपालिका प्रमुखको पदका लागि ९ जना, उपप्रमुखबा लागि ६ जना त्यस्तै रामेछाप नगरपालिका प्रमुखका लागि ४ जना र उपप्रमुखका लागि ५ जनाको उम्मेदवारी परेको छ । यसैगरि खाडादेवी गाउपालिका अध्यक्षका लागि ५ जना र उपाध्यक्षका लागि ४ जनाको उम्मेदवारी परेको छ भने सुनापति गाउँपालिका अध्यक्षका लागि ६ जना र उपाध्यक्षका लागि ४ जनाको उम्मेदवारी रहेको छ । त्यसैगरी दोरम्बा सैलुङ्ग गाउपालिका अध्यक्ष पदका लागि ७ र उपाध्यक्ष पदका लागि ४ जनको उम्मेदवारी रहेको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । त्यस्तै लिखुतामाकोसी गाउपालिका अध्यक्ष पदका लागि ६ जना र उपाध्यक्ष पदका लागि ४ जनाको उम्मेदवारी परेको छ । त्यसैगरि गोकुलगंगा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष पदका लागि ४ -४ जनाको उम्मेदवारी परेको छ भने उमाकुण्ड गाउपालिकामा अध्यक्ष पदका लागि ४ जना र उपाध्यक्ष पदका लागि ५ जनको उम्मेदवारी रहेको निर्याचन अधिकृतको कार्यालयले जनाएको छ । यसरी जिल्लाको ६४ वडाहरुमा विभिन्न राजनिती दल तथा स्वतन्त्रका तर्फबाट वडा अध्यक्ष पदका लागि २ सय ६५ जनको उम्मेदवारी रहेको छ भने वडा सदस्यहरुमा खुला सलस्यमा ४ सय ७७ , महिला सदस्यमा २ सय २६ र दलित महिला सदस्यमा २०७ जना सहित जिल्लाका सबै तहमा गरि १ हजार २ सय ५९ जनाको उम्मेदवारी रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय मन्थलीले जानकारी दिएको छ ।

## ३७ हजार बढि बालबालिकाहरु टाइफाइड विरुद्धको खोप

रामेछापमा ३७ हजार बढि बालबालिकाले टाइफाइड विरुद्धको खोप लगाएका छन् । जिल्लामा खोप अभियान सुरु भएदेखी वैशाख १९ गतेसम्म १५ वर्षमुनिका ३७ हजार ७ सय ३१ जना बालबालिकाले टाइफाइड विरुद्धको खोप लगाएका हुन् । जिल्ला स्वास्थ्य कार्यालय रामेछापका जनस्वास्थ्य अधिकृत भुवन थापाका अनुसार ४२ हजार २ सय ९० जनालाई खोप लगाउने लक्ष्य लिइएकोमा ३७ हजार ७ सय ३१ जना बालबालिकाले खोप लगाएका हुन ।

९१.२१ प्रतिशत बालबालिकाले टाइफाइड विरुद्धको खोप लगाएको उहाँले बताउनुभयो । गत चैत महिनाको २५ गतेदेखि सुरु भएको खोप अभियानमा जिल्लामा ३ सय ३४ वटा खोप केन्द्रबाट खोप लगाइएको उहाँले बताउनुभयो । अहिले पनि जिल्लामा खोप अभियान जारी छ ।

## जनताले जिताउछन विश्वस्त छु : पाख्रिन

नेकपा एमाले रामेछाप नगरपालिकाकाबाट नगरप्रमुखका उम्मेदवार रोशन पाख्रिनले यस पटक रामेछाप नगरवासीले आफूलाई जिताउने दावी गर्नुभएको छ । उहाले गत निर्वाचनमा पराजित भएर पनि जनताकै सेवामा पाँच बर्ष काम गरेको बताउदै यस पटक जिताउनेमा आफू विश्वस्त रहेको बताउनुभएको हो । रामेछाप नगरपालिकाको ओखनीमा आयोजित घरदैलो अभियानलाई सम्बोधन गर्दै नगरप्रमुखका उम्मेदवार पाख्रिनले आफूले गरेको कामको मुल्यांकलन गरेर पनि नगरवासीले मत दिने विश्वास व्यक्त गर्नुभयो।उहाले भन्नुभयो,'जिल्ला अस्पतालको अध्यक्ष भएर अस्पतालाई नमूना बनाएर देखाए, अब रामेछाप नगरपालिकालाई पनि देशकै नमूना बनाएर देखाउने योजना छ ।' उहाले नगरको विकास र समृद्धिको लागि पनि आफूलाई मतदान दिन आग्रह गर्नुभयो ।

## खाँडादेवीमा टोलटोलमा पुगेर भोट माग्दै एमाले

रामेछाप । नेकपा एमालेले वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि चुनावी अभियान तीब्र बनाएको छ । एमालेबाट गाउँपालिकाका अध्यक्षका उम्मेदवार ज्ञान कुमार श्रेष्ठ, उपाध्यक्षकी उम्मेदवार रमा घिसिङ सहितको टोली वडाको टोलटोलमा भोट माग्न व्यस्त बनेका छन् । चुनाव आउन अब ११ दिन बाँकी रहदा एमालेले पालिकाको नौ वटै वडामा चुनावी अभियान तीब्र बनाएको हो । आइतवार राकाथुममा घरदैलोसँगै चुनावी सभा गरेको एमालेले आज मझुवामा कार्यक्रम सम्पन्न गरेको छ । एमालेबाट गाउँपालिकाका उम्मेदवार ज्ञान कुमार श्रेष्ठले आगामी निर्वाचनमा आफ्नो पार्टीको जित हुने दावी गरे ।

# ट्राफिक प्रहरीको शुल्क तथा जरिवाना कुमारी बैंक लि.को क्युआर कोडबाट भुक्तानी

काठमाडौं । कुमारी बैंक लिमिटेडसँगको सहकार्यमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले सो कार्यालयसंग सम्बन्धित शुल्क तथा जरिवाना कुमारी बैंक लि.को क्यु.आर.प्रणालीबाट शीधै भुक्तानी गर्न सकिने सेवा सुरु गरेको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा आइतवार आयोजित एक कार्यक्रममा प्रमुख अतिथि प्रहरी वरिष्ठ उपरीक्षक उमेश राज जोशीले विधिवत रुपमा सेवा सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा आफ्नो मन्तव्य राख्नु हुदै प्रमुख अतिथि, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक उमेश राज जोशीले गृह प्रशासनलाई डिजिटलाइज गर्ने नेपाल



सरकारको कार्ययोजना सफल बनाउन यस प्रणालीको सुरुवातले सहयोग पुगेको बताउनु भयो । यो सेवाको शुरुवातले अब विना नगद तथा झन्झट सेवाग्राहीले छोटो समयमा नै आफ्नो काम सम्पन्न गरी सेवा प्राप्त गर्न सकिने तथा राजस्व संकलनमा सहज हुने विश्वास व्यक्त गर्नु भयो ।

यसैबीच कार्यक्रमका अतिथि कुमारी बैंक लिमिटेडका डिजिटल बैकिङ्ग विभागका प्रमुख अनिश ताम्राकारले समयको परिवर्तन संगै प्रविधिमैत्री सेवा विस्तार गर्न कुमारी बैंक लि. सदैब अगाडि बडिरहने कुरामा जोड दिदै डाइनामिक क्युआर प्रविधिबाट राजस्व संकलन गर्ने प्रणालकिो शुरुवात एउटा नयाँ आयाम भएको विचार व्यक्त गर्दै आगामी दिनमा अन्य कार्यालयबाट पनि यस प्रकारका सेवा सुचारु गरिने बताउनु भयो । यस प्रणाली अन्तर्गत सेवाग्राहीले राजस्व रकम भुक्तानी गर्दा क्युआर कोड स्क्यान गर्ना साथ रकम सहित सम्पूर्ण विवरण सेवाग्राहीले प्राप्त गरी शीधै भुक्तानी गर्न सकिने जानकारी गराउनु भयो । कार्यक्रममा समुपस्थित फोनपेका प्रमुख कार्यकारी अधिकृत दिवस सापकोटाले जुनसुकै बैकमा रहेको खाताबाट क्यु.आर.स्क्यान गरी सुरक्षित डिजिटल प्रणालीबाट भुक्तानी गर्न सकिने सुविधा यस प्रणालीमा रहेको बताउनु भयो । कुमारी बैंकले आफ्ना देशव्यापी १९७ शाखा सञ्जाल, १७७ एटिएम, ४३ शाखारहित बैंकिङ्ग ईकाई तथा १६ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक बैंकिङ्ग सुविधाहरु दिँदै आएको र आगामी दिनहरुमा अझ सुरक्षित, सरल, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्न डिजिटल पूर्वाधार प्रविधि र क्षमतालाई सुदृढ पार्दै लगिने प्रतिबद्धता जनाएको छ ।

# मेगा बैंकबाट नेपाल प्रहरीलाई पकेट नोट बुक सहयोग

मेगा बैंक नेपाल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत



नेपाल प्रहरीलाई दुई हजार थान पकेट नोट बुक सहयोग गरेको छ । मेगा बैंक नेपाल लिमिटेडका कुलेश्वर शाखा प्रबन्धक सुनिल चौलागाईंले महानगरीय प्रहरी परिसर, टेकुलाई दुई हजार थान पकेट नोट बुक हस्तान्तरण गर्नुभयो । स्थानीय तह निर्वाचन २०७९ लाई लक्षित गरी शान्ति सुरक्षामा खटिने नेपाल प्रहरीलाई काम गर्न थप सहज होस् भन्ने हेतुले बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत सहयोग गरेको हो । सुरक्षा मार्ग निर्देशनसहित पकेट नोट बुक तयार गरिएको बैंकले जनाएको छ ।

# बैंक अफ काठमाण्डूको नयाँ शाखा कास्कीको पावर हाउसमा

बैंक अफ काठमाण्डू लिमिटेडले पोखरा महानगरपालिका वडा नं. ३०, पावरहाउस चोक स्थित पावरहाउसमा शाखा विस्तार गरेको छ । शुक्रबार एक समारोहकाबीच लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय तथा



बैंकका संचालक मोहनालोहनीबाट संयुक्त रुपमा शाखाको औपचारिक समुद्घाटन गरिएको हो ।

उक्त औपचारिक कार्यक्रममा बैंकका संचालक मोहना लोहनीले ग्राहकहरूको उच्चतम लाभलाई मध्यनजर गर्दै समय सुहाउँदो आवश्यक प्रविधिगत सेवाहरु उपलब्ध गराई उत्कृष्ट बैंकिङ्ग सेवा उपलब्ध गराउँदै जानेमा बैंक प्रतिबद्ध रहेको जानकारी दिनुभयो । साथै, गण्डकी प्रदेशमा थप शाखा कार्यालयहरु पनि चाँडै संचालनमा ल्याउने योजना बैंकको रहेको जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले बैंक अफ काठमाण्डू लिमिटेडलाई पावर हाउस क्षेत्रमा स्वागत गर्नुको साथै स्थानीय उद्योग ब्यावसाय क्षेत्र तथा स्थानीय सर्वसाधारणहरुको आवश्यकतालाई ध्यानमा राखि बैंकले सेवा प्रदानगर्ने विश्वास लेखनाथ उद्योग वाणिज्य संघले लिएको जानकारी दिनुभयो । बैंकको अगामी दिनहरुमा सम्भावित क्षेत्रमा आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा उपलब्ध गराउने अभिप्रायले थप शाखाहरु संचालन गर्ने योजना अगाडि रहेको छ ।

# राष्ट्रिय वाणिज्य बैंक र सशस्त्र प्रहरीबीच सम्झौता

सशस्त्र प्रहरी बल (एपीएफ) र राष्ट्रिय वाणिज्य बैंकबीच सम्झौता भएको छ । एपीएफको प्रधान कार्यालय हल्चोकमा बुधबार भएको सम्झौतामा सशस्त्र प्रहरी कर्मचारीहरुको हित तथा सुविधाका लागि तलबी बचत खाता संचालन



तथा कर्जा कारोवार लगायतका बैंकिङ्ग सुविधा प्रदान गर्ने सम्वन्धमा सम्झौता भएको छ । सशस्त्र प्रहरी महानिरीक्षक पुष्पराम के.सी.को प्रमुख आतिथ्य र बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठको उपस्थितिमा सशस्त्र प्रहरी नायव महानिरीक्षक विदुर खड्का र बैंकको तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको छ । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बैंकको हालको अवस्था, बैंकले प्रदान गर्दै आएको सेवाबारे जानकारी गराउँदै ७ प्रदेश ७७ जिल्लामा नै शाखा रहेको बैंकले सशस्त्र प्रहरी बल नेपालसँग सहकार्य गर्न पाउँदा आफूलाई खुशी लागेको बताउनुभयो । यस्तै, सशस्त्र प्रहरी महानिरीक्षक के.सी.ले संगठनले विभिन्न कल्याणकारी योजनाहरु मार्फत राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुलाई विभिन्न सुविधाहरु प्रदान गर्दै आईरहेको उल्लेख गर्दै सरकारी स्वामित्वमा रहेको राष्ट्रिय बाणिज्य बैंकसँग भएको यस सम्झौता सँगै सशस्त्र प्रहरी कर्मचारीहरुले उक्त बैंकले प्रदान गरिरहेको विभिन्न सुविधा लगायत कर्जा सुविधा समेत न्यून शुल्कमा प्राप्त हुने बताउनुभयो । सम्झौतासँगै सशस्त्र प्रहरी कर्मचारीहरुले विना धितो ५ वर्षका लागि अधिकतम १५ लाख रुपैयाँ सम्मको ऋण सुविधा पाउनेछन् । साथै बैंकले प्रदान गरिरहेको अन्य विविध सुविधाहरुसमेत पहिलो वर्षको लागि निःशुल्क र त्यसपश्चात न्यून शुल्कमा उपभोग गर्न पाउने छन् ।

# एनएमबि बैंकले पायो 'ए' रेटिङ

एनएमबि बैंकले विगतको स्तर सुधार गर्दै 'ए' रेटिङ पाएको छ। यो रेटिङ पाउने संस्था समयमा वित्तीय दायित्व पूरा गर्न पर्याप्त मात्रामा सुरक्षित मानिन्छन र न्यून कर्जा जोखिम रहन्छ। इक्रा नेपालले बैंकलाई 'ए' रेटिङ दिएको हो । विगतका वर्षहरुमा विभिन्न संस्थाहरुसँग भएको मर्जर तथा प्राप्ति सकारात्मक प्रभाव, कर्जा गुणस्तरमा भएको सुधार, बलियो शाखा सञ्जाल लगायत कारणले यो रेटिङ पाएको बैंकको जिकिर छ । कोभिडका कारण देशको समग्र आर्थिक




अवस्थामा प्रभाव परिरहँदा समेत बैंकको परिसूचकमा देखिएको सुधारले स्तर वृद्धि भएको विज्ञप्तिमा उल्लेख छ ।

# ग्लोबल आइएमई बैंकद्वारा भिडियो केपाइसी प्रणाली सुचारु

ग्लोबल आइएमई बैंक लिमिटेडले भिडियो केवाइसी प्रणाली ( न्ष्दीष्खभद्यबलपष्लन) सुचारु गरेको छ । ग्लोबल आइएमई बैंक लिमिटेड र डिजिटल नेटवर्क सोलुसन प्रा.लि. बीच भिडियो प्थ्क्ग़ प्रणाली ( GiblLiveBanking) विकास र कार्यान्वयनका लागि भएको सम्झौतासँगै बैंकले यो सेवा सुचारु गरेको हो । सम्झौता पत्रमा ग्लोबल आइएमई बैंकका नायव महाप्रबन्धक कल्याण विक्रम पाँडे र डिजिटल नेटवर्क प्रा.लि.का प्रमुख




कार्यकारी अधिकृत अरुण खत्रीले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पश्चात ग्लोबल आइएमई बैंकका ग्राहकहरुले अनलाइन भिडियो कलमार्फत आफ्नो प्थ्क्ग़ अपडेट गर्न सक्नेछन् । बैंकले सुचारु गरेको यस सेवाले ग्राहकहरु प्रत्यक्षरुपमा लाभान्वित हुने बैंकको विश्वास रहेको छ । आफ्ना ग्राहकहरुको सुविधालाई मध्यनजर गरी बैंकले समयसमयमा यस किसिमका नयाँ योजनाहरु ल्याउँदै आएको छ । सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्याउने उद्देश्यले बैंकले ७६ जिल्लामा रहेका २८७ शाखा, २५२ एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर र ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८७० सेवा केन्द्रबाट २८ लाख भन्दा बढि ग्राहकलाई सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ ।

# अर्थ संसार

## कामना सेवा विकास बैंकको सेवा विस्तार

कामना सेवा विकास बैंकले मोबाइल एपमार्फत शाखारहित बैंकिङ सेवा शुभारम्भ गरेको छ । बैंकले सिराहाको लक्ष्मीपुर पतारी गाउँपालिका-४ मा



शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ । सो गाउँपालिका-४ स्थित बिना रेमिटेन्स (प्रो. बिना मण्डल) लाई शाखारहित बैंकिङ सञ्चालनको लागि व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको छ ।

शाखारहित बैंकिङमार्फत खाता खोल्न, निक्षेप संकलन, रकम भुक्तानी, विभिन्न बिल भुक्तानीलगायतका सुविधा प्रदान गरिनेछ । यो सेवाबाट ग्रामीण तथा बैंकिङ पहुँच नपुगेका क्षेत्रमा बैंकिङ अवधारणाको विकास हुने अपेक्षा लिएको बैंकले जनाएको छ ।

## मुक्तिनाथ विकास बैंक र डेन्टल प्रो बीच सम्झौता

मुक्तिनाथ विकास बैंकले काठमाडौंको बालाजु स्थित डेन्टलप्रो एण्ड इम्प्लान्ट क्लिनिकसँग सम्झौता गरेको छ। सम्झौतासँगै बैंकका भिषा




डेविट कार्डवाहक तथा मोबाइल बैंकिङ ग्राहकले सोक्लिनिकका विभिन्न सेवा प्रयोग गर्दा २० प्रतिशतसम्म छुट पाउने भएका छन् ।

बैंकले डिजिटल कारोबारलाई प्रोत्साहन गर्न यस विकास बैंकको एटीएम कार्ड प्रयोग गरी नेपालभर रहेको भिसा नेटवर्कमा आवद्ध अन्य जुनसुकै बैंकको एटीएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको जनाएको छ ।

त्यसै गरी प्रिपेड डलर कार्ड, मोबाइल बैंकिङ, क्यूआर कोड, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खातामै रेमिट्यान्स जम्मा तथा मिस्डकल बैंकिङ खता पनि सञ्चालनमा ल्याएको जनाएको छ । यी सेवाहरुको उपयोग गर्दा ग्राहकले बैंकको शाखामा भौतिक रुपमा उपस्थित हुन अनिवार्य नरहेको पनि बताइएको छ ।

## महालक्ष्मी विकास बैंक र आँगन रेष्टुरेन्टबीच सम्झौता

महालक्ष्मी विकास बैंक र भैरहवास्थित आँगन रेष्टुरेन्ट एण्ड थकाली



घरबीच सम्झौता भएको छ ।

उक्त सम्झौतापश्चात बैंकको डेबिट कार्ड, क्युआर (स्क्यान पे), महालक्ष्मी मोबाइल बैंकिङमार्फत भुक्तानी गर्ने ग्राहकले रेष्टुरेन्ट तथा बारका विभिन्न सेवामा आकर्षक छुट प्राप्त गर्न सक्नेछन् ।

यस किसिमको सहकार्यबाट आफ्ना ग्राहक लाभान्वित हुने विश्वास लिएको बैंकले जनाएको छ । यसका साथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षात्कार गराउने अभिप्रायका साथ बैकले विभिन्न शाखाबाट जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

# शिक्षित बन्दै गाउँका चेलीबेटी

**मञ्जु भट्ट**

केही वर्षअघि सँगै पढेका साथीले १० कक्षा पास गरेपछि घर नजिकै उच्च शिक्षा पढ्न कलेज नहुँदा बिहेवारी गरेर घरजम गरिसकेका थिए । घरजम हुन बाँकी साथीले आमालाई घरको काममा सघाइरहेका थिए । कोही भने भारतको पिथौरागढसम्म पुगेर कक्षा ११ को फारम भरेर घरमै बसी पढ्ने संघर्ष गरिरहेका थिए । घरको जेठो सदस्यको नाताले भारतीय सेनामा कार्यरत ठूलाबुबाले भनेको घरमा सबैले मान्ने गर्दथे । उनका दुईवटा छोराहरू भारतकै नैनीतालमा उच्च शिक्षा हासिल गरिरहेको थिए । मेरा दुई दाइहरू पनि भारतकै झुलाघाटमा बसेर पढिरहेका थिए । म र दिदीले पनि १० कक्षा पास गरिसकेका थियौं । ठूलाबुबाले १० कक्षा पास गरिसकेपछि छोरीलाई धेरै पढाएर के काम ?

छोरी भनेको बिहे गरेर अरूका घर जाने जात हो, अरूका छोरीजस्तै गाईभैंसी पालन गर्दा पो दूध खान पाइन्छ भन्नुभयो । उनले भनेको अरू सबैकुरा आँखा चिम्लेर मान्ने हाम्रा बुबाले यो कुरा भने मान्नुभएन । दिदी र मलाई एकैचोटी अगाडि पढ्नका लागि घरबाट टाढा तराई पठाउन पनि समस्या थियो । दिदीको सहर गएर पढ्ने इच्छा हुँदाहुँदै पनि त्यो समयअनुसार बिहे गर्ने उमेर भइसकेको हुनाले मन मारेर भए पनि बिहे गर्नुपर्‍यो । म भने गाउँकै भाग्यमानी छोरी थिएँ । मेरा साथीले काखमा बालबच्चा खेलाइरहँदा म काठमाडौंसम्म पुगेर कलेज पढ्ने भइसकेकी थिएँ । गाउँका साथीभन्दा बढी अंग्रेजी बोल्ने, कम्प्युटर चलाउने भइसकेकी थिएँ ।

मेरो गाउँभन्दा अझै दुर्गम टाढाको गाउँमा भने मेरै उमेरका र मभन्दा पनि कान्छी बहिनीहरू गाईभैंसी पाल्नकै लागि स्कुल पठाएका थिएनन् । कतिपय बहिनीहरू अहिलेसम्म पनि निरक्षर नै छन् । कसैले भने बिहेपछि आफ्नै श्रीमान वा छोराछोरीबाट अक्षर लेख्न सिकेका छन् । छोरालाई छात्राबास, आफन्त वा डेरा नै खोजेर भए पनि सहर पढ्न पठाउने आमाबुबाले छोरीहरूलाई भने नजिकैको सरकारी स्कुलमा समेत पढ्न पठाएनन् । दुर्गमका गाउँहरूमा उच्च शिक्षा अध्ययन गर्ने छोरीको संख्या न्यून हुने गर्थ्यो । स्कुल नजानेहरूले १६ वर्ष नपुगी बिहे गरिसक्थे । स्कुल पढ्न जाने धेरैजसोले १० कक्षा पास गरेपछि बिहे गर्न तयार हुनैपर्थ्यो ।

आमाबुबालाई छोरी ठूली भएपछि पढाइभन्दा पनि छिट्टै बिहे गरेर पठाउनुपर्छ भन्ने सोचले घचघच्याउन थाल्थ्यो । छोरीले पढोस् या नपढोस्, ऊ आफ्नो खुट्टामा उभिने होस् या नहोस्, राम्रो खानदान खोजेर छिट्टै घरबाट पठाइहाल्नुपर्छ भन्ने सोच रहेको हुन्थ्यो । बिहे गर्ने उमेर नभए पनि अरूका छोरीको बिहे भइहाल्यो भने आफ्नी छोरीको बिहे कहिले होला भन्ने पीर आमाबुबालाई हुने गर्थ्यो ।

तर, अहिले समय फेरिएको छ । गाउँघरका छोरीहरू स्कुलको पढाइ सकिएपछि बिहे गरेर अर्काको घर जाने समय, नजिकै खुलेका कलेजका कारण थोरै भएपछि पनि लम्बिएको छ । छोरीहरूले कक्षा १२ सम्म घर नजिकै रहेका क्याम्पसमा पढ्ने अवसर पाइरहेका छन् । कोही भने १२ कक्षा पास गरेपछि उच्च शिक्षाका लागि सहर जान थालिसकेका छन् । पहाडबाट तराई झरेर आफूलाई मन पर्ने विषय पढेर आत्मनिर्भर बनिरहेका छन् । कसैले सरकारी सेवामा नाम निकाल्न सफल भएका छन्, कोही अनमी, स्वास्थ्य स्वयंसेविका, नर्स, डाक्टर, भेटेरेनरी, निजामती कर्मचारी, शिक्षक, सेयरबजार वा राजनीतिमा समेत लागेका छन् । हातहातमा भएका मोबाइलले पनि साथीभाइ माँझ, गाउँघरमा, आफन्त, देशभरमा के भइरहेको छ सम्पूर्ण जानकारी दिने हुँदा पनि महिलालाई अरू देखेर पनि केही गर्न आँट आइरहेको छ । हालै कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकाका दुई जना दिदीबहिनीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा शाखा अधिकृत पदमा नाम निकालेका छन् । जोसुकैले पनि मिहिनेत गरेर काम गर्ने हो भने लक्ष्य सजिलै भेटिन्छ, चाहे त्यो जुनसुकै काम पनि किन नहोस् भन्ने उदाहरण हो यो ।

पढेलेखेपछि खेतीपाती गर्न वा पशुपालनजस्ता व्यवसाय गर्न धेरैजसो युवायुवती अप्ठ्यारो मान्छन्

समय कति बलवान छ । केही वर्ष पहिलेसम्म चार/पाँच कक्षा मात्रै पढेर खासै जागिर नपाइने हुँदा बिहे भएका धेरैजसो छोरीचेली एकजोर नयाँ लुगा र चाडबाडमा मिठो खान पनि माइत दगुर्नुपर्ने बाध्यता थियो । बाह्रै महिना कृषि पेसामा घोटिए पनि राम्रोसँग खान लाउन पुग्दैन्थ्यो । अहिले भने चेलीले

**मेरो गाउँभन्दा अझै दुर्गम टाढाको गाउँमा भने मेरै उमेरका र मभन्दा पनि कान्छी बहिनीहरू गाईभैंसी पाल्नकै लागि स्कुल पठाएका थिएनन् । कतिपय बहिनीहरू अहिलेसम्म पनि निरक्षर नै छन् । कसैले भने बिहेपछि आफ्नै श्रीमान वा छोराछोरीबाट अक्षर लेख्न सिकेका छन् । छोरालाई छात्राबास, आफन्त वा डेरा नै खोजेर भए पनि सहर पढ्न पठाउने आमाबुबाले छोरीहरूलाई भने नजिकैको सरकारी स्कुलमा समेत पढ्न पठाएनन् । दुर्गमका गाउँहरूमा उच्च शिक्षा अध्ययन गर्ने छोरीको संख्या न्यून हुने गर्थ्यो । स्कुल नजानेहरूले १६ वर्ष नपुगी बिहे गरिसक्थे । स्कुल पढ्न जाने धेरैजसोले १० कक्षा पास गरेपछि बिहे गर्न तयार हुनैपर्थ्यो । आमाबुबालाई छोरी ठूली भएपछि पढाइभन्दा पनि छिट्टै बिहे गरेर पठाउनुपर्छ भन्ने सोचले घचघच्याउन थाल्थ्यो । छोरीले पढोस् या नपढोस्, ऊ आफ्नो खुट्टामा उभिने होस् या नहोस्, राम्रो खानदान खोजेर छिट्टै घरबाट पठाइहाल्नुपर्छ भन्ने सोच रहेको हुन्थ्यो ।**

माइतमा बसेर आफ्नो पढाइ पूरा गरेपछि कतै जागिर, व्यापार, व्यवसायमा संलग्न भएर मात्रै बिहे गरिरहेका छन् । आमाबुबालाई पनि छोरीले एकजोर राम्रो लुगा लगाउन सकिनन् कि भन्ने चिन्ताले छोडेको छ । काखमा बच्चा खेलाउने उमेरमा अहिले छोरीले पनि हातमा ल्यापटप, मोबाइल चलाइरहेका छन् । घरको होस् या अफिसको हिसाबकिताब गरिरहेका छन् ।

मैले पढ्न पाइनँ, मलाई पढाएनन् भन्ने गुनासो गर्न छोडेका छन् । कतिपय चेलीले आमाबुबाले दुःख गरेर आफूलाई पढाएर आफ्नो खुट्टामा उभिन सकिने बनाएको बिर्सेका छैनन् । यसैले बिहे भइसके पनि माइतमा आमाबुबालाई अप्ठ्यारो पर्दा भौतिक सहयोगसँगै आर्थिक सहयोग गर्न समेत अघि सरेका धेरै उदाहरण आजकल गाउँघरमा भेटिन्छन् । छोरी शिक्षित भई भने सम्पूर्ण परिवार नै शिक्षित हुन्छ, शिक्षित जागिरे छोरीले घरको कामसँगै परिवारलाई आर्थिक रूपमा समेत सघाइरहेकी हुन्छिन् । अझै सहरमा बस्ने दम्पतीलाई महिला शिक्षित र जागिरे हुँदा झनै सजिलो भएको छ । नेपालमा लाखौं मानिस सहरमा भाडामा बस्छन् । श्रीमान एक जनाको मात्र जागिरले दैनिक आवश्यकता धान्न सकस नै हुन्छ । यस्तोमा श्रीमतीले पनि जागिर वा पेसा व्यवसाय गरेका खण्डमा आर्थिक स्थिति उकास्न धेरै सजिलो हुने सबैको बुझाइ छ । यसैले त अहिले छोराको बिहे गर्नुपर्‍यो भने गाउँघरमा पनि पढेलेखेकी आफ्नो खुट्टामा उभिन सफल भएकी बुहारी बिहे गर्ने चलन बढ्दै गएको छ ।

तर, गाउँदेखि सहरसम्म सबैले उच्च शिक्षा प्राप्त गरेसँगै कृषि व्यवसायको काममा ध्यान दिएको भने कमै भेटिन्छन् । युवायुवतीको यत्रो पढेर फेरि त्यही भैंसी पाल्नु, खेतमै काम गर्न जानु भन्ने मानसिकताले गाउँघरतिर पशुपालन, कृषि व्यवसायमा कमी आएको देखिन्छ । कोही उच्च शिक्षा पढ्न विदेश हानिन्छन् भने कोही सहर गएर बस्छन्, उतै सरकारी वा सानोतिनो जागिर खाएर बस्न रुचाउँछन् । चाडपर्वबाहेक घर फर्किन चाहदैनन् । जसका कारण गाउँघरमा खेतीपाती वा अन्य व्यवसाय गर्नेहरूको कमी हुँदै गएको छ ।

गाउँघरमा सरकारी जागिर गरेर बस्नेले पनि खेतीपातीमा त्यति ध्यान दिएको पाइँदैन । जसका कारण भकारी भर्ने खेत बाँझो हुँदै गइरहेका छन् । यातायातको सुविधा, घर नजिकै खोलिएका पसलमा लसुन, प्याज, आलुदेखि गोलभोडा सबै पाइने हुँदा पहिला जस्तो काममा खटिने गरेको देखिँदैन । अपवादबाहेक पढेलेखेपछि खेतीपाती गर्न वा पशुपालन जस्ता व्यवसाय गर्न धेरैजसो युवायुवती अप्ठयारो मान्छन् । यति धेरै पढेर पनि आखिर खेतमै काम गर्नुपर्छ भने किन दुःख गरी पढेको भन्नेहरूलाई जवाफ दिन नसक्दा यस्ता कामबाट टाढा बस्ने गरेको देखिन्छ ।

पढेलेखेका युवायुवती गाउँ नै छोडेर हिंड्नुभन्दा आफूले पढेको, जानेको, सिकेको ज्ञानलाई गाउँमै प्रयोग गर्दा आफूलगायत भावी पुस्तालाई गाउँघरको स्वच्छ वातावरणमा बस्न मद्दत गर्नेछ

कसैले पीएचडी गरेर अफिसमा बसीबसी जागिर खाए पनि अनपढ किसानले खेतमा अन्न फलाइदिएन भने ऊ भोकले मर्छ । त्यसकारण काम सानो ठूलो हुँदैन । आफूले पाएको अवसर र क्षमताले भ्याएसम्म सबैले आआफ्नो ठाउँबाट काम गर्नुपर्छ । धेरै पढ्दैमा कोही ठूलो हुने र नपढ्दैमा सानो हुँदैन । पढेपछि मानिसले धेरै कुराहरू जान्छ, सिक्छ, जसले आफ्नो जीवनलाई सजिलो बनाउन सक्छ फरक त्यति मात्र हो । पढेलेखेर नयाँनयाँ तरिकाले वातावरण सुहाउँदा तरकारी, फलफूल फलाउन सक्दा, युट्युबबाट खोजेर ठाउँ र मौसमअनुसार खेतीपाती गर्न जान्यो भने दिनदिनै बढ्दै गएको महँगीमा किसानले आफूले बगाएको पसिनाको मिठो फल पाउन सक्छन् ।

सुदूरपश्चिमका धेरैजसो गाउँघरमा भारतीय सेनामा काम गरेर पेन्सन आएका परिवार धेरै छन् । महिनाकै २५ हजारभन्दा माथि उनीहरूले पेन्सन बुझिरहेका हुन्छन् । जसका कारण केही काम गर्न सक्ने भए पनि हातमा पैसा भएपछि किनेर खान पाइन्छ भन्ने सोच देखिन्छ । छोराछोरी देश परदेश चरिहाल्छन्, बुढाबुढीलाई पेन्सनले पुगिहाल्छ, किन धेरै दुःख गर्नुपर्‍यो भन्ने सोचका कारण पनि हाम्रा खेत बाँझा हुँदै गएका छन् । तराईका मलिला खेतहरू कंक्रिट जंगलमा परिवर्तन हुँदै जानु र पहाडका खेतीयोग्य जमिन समेत बाँझो हुँदै जानुले दिनप्रतिदिन आयात बढ्दै गएको प्रस्ट देखिन्छ । गाउँघरमै बसेर काम गर्न खोज्नेलाई पनि वातावरणमा आएको असन्तुलनमा कारण खेतीपाती घट्दै जानु, फलफूलहरू सुक्दै जानु, जंगली जनावरले उठीबास लगाउँदा झनै समस्या थपेको छ ।

गाउँमा बसेर पढेलेखेका युवायुवतीले गाउँ नै छोडेर हिंड्नुभन्दा पनि आफूले पढेको, जानेको, सिकेको ज्ञानलाई गाउँमै प्रयोग गर्दा आफूलगायत भावी पुस्तालाई समेत गाउँघरको स्वच्छ वातावरणमा बस्न मद्दत गर्नेछ ।

सहरमा बसेर बुढेसकाल सुरु नहुँदै खानाभन्दा पनि बढी औषधि सेवन गर्नुभन्दा गाउँघरमै बसी मानापाथी दूध, घिउ खाएर चौतारीमा साथीसंगीसँग बसेर गफ गर्दै घाम ताप्नुको मज्जा लाखौं गुणा बढी हुन्छ । यसलाई सार्थक बनाउने काम स्थानीय स्तरबाट चुनिएर आउने जनप्रतिनिधिको नै हो ।

राजधानी दैनिक

## नेमकिपाको घोषणापत्र सार्वजनिक, एमसीसी पक्षधर पार्टीहरुलाई मत नदिन आग्रह

काठमाडौं । नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले स्थानीय निकाय चुनावको घोषणापत्र सार्वजनिक गरेको छ । बिहीबार राजधानीमा पत्रकार सम्मेलन गरी घोषणापत्र सार्वजनिक गरिएको हो । घोषणापत्रमा यो निर्वाचन एमसीसीको पक्ष र विपक्षमा रहेकाहरु बीचको लडाई भएको जनाइएको छ । एमसीसीको पक्षमा रहेका राजननीतिक दलहरुलाई मत नदिन घोषणापत्रमा आग्रह गरिएको छ ।

घोषणापत्रका मुख्यमुख्य बुँद्धाहरु

१ अमेरिकी साम्राज्यवादको दबाबमा संसद्बाट एमसीसीपारित गरिएपछि देशको स्वतन्त्रता र सार्वभौमिकता जोगाउने सङ्घर्षमाजनतादुई खेमामा विभाजित छन- एमसीसीका समर्थक प्रतिगामीदलहरू र एमसीसीविरोधी देशभक्तएवम् प्रगतिशीलपक्षहरू ।

२. नेपालमजदुर किसान पार्टीले यो सम्झौताको विपक्षमा मतदिएको थियो । सम्झौताको पक्षमा नेका, माओवादी, एकीकृत समाजवादी (माधव नेपाल), जसपा (उपेन्द्र यादव) ले मत दिएका थिए । ३. सन् २००३ मा बनाइएको एमसीसी ऐनमा 'अमेरिकी स्वार्थको लागि लगानी भएको' उल्लेख छ । तर, नेपालको शासक दलका नेताहरूले 'लगानी होइन सित्तैमाआउने अनुदान' भनी झुट बोले ।

४. नेमकिपाले एमसीसी सम्झौताखारेज गराउन देशभरि ४० भन्दा बढी जिल्लामा १०० भन्दा बढी जुलुस र सभासहित आन्दोलन गर्‍यो ।

५. अमेरिकी मन्त्रीले २०७८ माघ २७गते प्रम देउवा, माओवादीका अध्यक्ष प्रचण्ड, एमालेका अध्यक्ष केपी ओलीलाई फोन मार्फत 'सम्झौता अनुमोदन नभए राम्रो नहुने' धम्की दिएपछि संसद्बाट अनुमोदन गरियो ।

६. एमसीसी सम्झौतालगत्तै अमेरिकी सरकारले प्रम देउवालाई रुसको विरुद्ध युक्रेनको पक्षमा मत दिन लगायो । यो नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्त विपरीत हो ।

७.नवनाजीवादी र फासीवादी हरूको सहयोगमा राष्ट्रपति बनेका जेलेन्स्की युरोपमा युद्ध फैलाउन अमेरिकालाई गुहार्दै छन् । उनी अमेरिका र नाटोका 'कठपुतली' हुन् । रुसले सकेसम्म सर्वसाधारणको मृत्यु नहोस् भन्नेमा सावधानीअपनाएको छ ।

८. रुसले युद्धको बीचमा युक्रेनको राजधानी किभलाई प्राकृतिक ग्यास पठायो, इन्टरनेट चालु राख्यो । अमेरिकाले गरेको इराक युद्धमा सब भन्दा पहिले बिजुलीको तार र पानीका पाइपहरू काट्यो । परिणामतः लाखौं सर्वसाधारणको मृत्यु भयो । अमेरिकाले संसारभरि यसरी नै क्रूर आक्रमण गरेको थियो ।

९. सन् १९११ मै रुसकालागि अमेरिकी राजदूतजर्ज केननले रुसनजिक नाटो विस्तार नगर्न अमेरिकी सरकारलाई सचेत गराएका थिए । यसकारण, युक्रेन सङ्कट पनि अमेरिकी साम्राज्यवादले नै निम्त्याएको हो ।

१०. संसारले श्रीलङ्का सङ्कटको कारण अमेरिकी र युरोपको पूर्वतर्फ नाटोको विस्तार नै भएको बुझ्दैछन् । ४० वर्षयता

बाँकी ३ पृष्ठमा

# खेलकुद

## यू १९ महिला विश्वकप छनोटका लागि १८ खेलाडी छानिए

काठमाडौं । नेपाल क्रिकेट संघ (क्यान) ले यू१९ महिला विश्वकप छनोटका लागि १८ खेलाडी छनोट गरेको छ । आगामी जुनमा मलेसियामा यू १९ महिला विश्वकपको लागि एसियाली क्षेत्रको छनोट आयोजना हुँदैछ । त्यसका लागि क्यानले प्रारम्भिक चरणमा प्रशिक्षणमा बोलाइएका ४४ खेलाडीबाट सोमबार १८ खेलाडी छानेको हो । छनोट भएका खेलाडीहरुमा करिन कुँवर, सोनु राजवंशी, टीका शाह, सृष्टी धामी, सावित्री धामी, एलिसा यादव, रन्जु श्रेष्ठ, अन्जली विक, हिरामायी रोए, एलिसा खडिया, कृतिका मरासिनी, स्नेहा महरा, निशा शाह, मिनिसा राना मगर, प्रतिमा शाह, ज्योत्सिका मरासिनी र मनिसा चौधरी छन् । छनोटमा नेपालहसति मलेसिया, युएई, थाइल्याण्ड, चीन, भुटान, म्यानमार र कतारले प्रतिस्पर्धा गर्नेछन् । आईसीसीले पहिलो पटक आयोजना गर्न लागेको यू(१९ महिला विश्वकप सन् २०२३ जनवरीमा दक्षिण अफ्रिकामा हुनेछ ।

## एन्फा प्रदेश कमिटीको निर्वाचन स्थगित

काठमाडौं । अखिल नेपाल फुटबल संघ एन्फाले सातवटै प्रदेश कमिटीको पूर्वनिर्धारित निर्वाचन कार्यक्रम स्थगित गरेको छ । यसअघि एन्फाले वैशाख १९ देखि २४ गतेसम्म प्रदेश कमिटीको निर्वाचन गर्ने कार्यतालिका प्रकाशन गरेको थियो । एन्फाका महासचिव इन्द्रमान तुलाधरले सातै प्रदेश कमिटीका नाममा पत्र लेख्दै चुनावी कार्यक्रम विविध कारणले स्थगित गर्नुपरेको जानकारी गराएका छन् । एन्फाले प्रदेश कमिटीको निर्वाचनका लागि वैशाख १३ गते पत्राचार गरेको थियो । यसबीचमा जिल्ला कमिटीको निर्वाचन सम्पन्न नभएकाले प्रदेशको चुनाव स्थगित गरिएको हो । सुर्खेत र गोरखा जिल्ला फुटबल संघको चुनाव गर्न बाँकी छ । एन्फाको नयाँ नेतृत्वका लागि असार ६ गते निर्वाचन हुँदैन । त्यसका लागि प्रदेशबाट मतदान प्रतिनिधिहरु आउनेछन् ।

## धर्मश्रीलाई काठमाडौं महानगरको मुख्य प्रायोजन

काठमाडौं । खेलकुद क्षेत्रमा नेपालको सबैभन्दा पुरानो संस्था नेपाल व्यायम मन्दिरले आयोजना गर्ने १६औं धर्मश्री शारीरिक शुगठन प्रतियोगितालाई काठमाडौं महानगरपालिकाले मुख्य प्रायोजन गर्ने भएको छ । आयोजक संस्थाले सोमबार पत्रकार सम्मेलन गरी महानगरको मुख्य प्रायोजन रहने जानकारी दिएको हो । वैशाख २३ र २४ गते प्रज्ञा भवन कमलादीमा आयोजना हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको पनि व्यायम मन्दिरले जानकारी दिएको छ । १६औं धर्मश्रीका विजेताले नगद १० लाख रुपैयाँ प्राप्त गर्नेछन् । अघिल्लो संस्करणको तुलनामा यसपल्ट पुरस्कार रकम शतप्रतिशत वृद्धि गरिएको हो । २०१० मा स्थापित ब्यायाम मन्दिरले संस्थापक एवं सहिद धर्मभक्त माथेमाको सम्मानमा २०४२ साल देखि धर्मश्री प्रतियोगिताको आयोजना गर्दै आइरहेको छ । पहिलो र दोश्रो संस्करणमा तौल समूहको मात्र प्रतियोगिता गर्दै आईरहेकोमा तेश्रो संस्करण २०५० सालबाट प्रत्येक तौल समूहका बिजयी खेलाडीहरुको अन्तिम प्रतिस्पर्धामा बिजयीलाई धर्मश्री बिजेताको रुपमा पुरस्कृत र सम्मान गर्ने परम्पराको थालनी भएको हो । प्रतियोगितामा यस संस्करणदेखि महिला तथा पुरुष फिजिक्स बिधालाई थप गरिएको छ । प्रतियोगिताको 'प्रि(जजिङ राउन्ड' वैशाख २३ गते हुनेछ । फाइनल चरणका खेल वैशाख २४ गते हुनेछ । प्रतियोगितामा ५५, ६०, ६५, ७०, ७५, ८० र ८० केजी भन्दामाथि तौल समूहमा ४ सय खेलाडीहरुले प्रतिस्पर्धा गर्नेछन् । प्रत्येक बिधामा प्रथम स्थान हासिल गर्ने खेलाडीहरुको विचमा अन्तिम प्रतिस्पर्धा गराई बिजयी हुनेलाई धर्मश्रीको उपाधी सहित सम्मान गरिने छ । प्रतियोगितको विजेताले १० लाख, उपविजेताले ५ लाख, तेस्रो हुनेले २ लाख रुपैयाँ पुरस्कार पाउनेछन् । चौथो हुने खेलाडीले १ लाख ५० हजार, पाँचौले १ लाख, छैटौंले ९० हजार र सातौं हुनेले ८० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

## एसियाडका लागि बास्केटबल र कबडीको प्रारम्भिक छनोट

काठमाडौं । एसियाली खेलकुदको १९ औं संस्करणका लागि बास्केटबल र कबडी टोलीको प्रारम्भिक छनोट सम्पन्न भएको छ । दुवैमा महिला टोलीको प्रारम्भिक छनोट सम्पन्न भएको हो । बास्केटबलमा ८ खेलाडीको छनोट गरिएको नेपाल बास्केटबल संघका सचिव फणिन्द्रमान श्रेष्ठले जनाएका छन् । त्यस्तै नेपाल कबडी संघका महासचिव विनोद प्रजापतिका अनुसार कबडीमा २८ खेलाडी छानिए । बस्केटबलको थ्री बाइ थ्री बाइमा प्रतिक्षा मगर, श्रेया खड्का, गरिशा सिलवाल, विनामणि योञ्जन, एरिका श्रेष्ठ, अमिशा घले, छिरिङ छोकी शेर्पा र मिना गुरुङ पहिलो चरणलाई छनोट भए । कबडीमा एपीएफकी सुनिता थापा, नेपाल प्रहरीकी मानमति विष्ट, नेपाल आर्मीकी निशा बोहरा, एपीएफकी रविना चौधरी, आर्मीकी मेणुका राजवंशी, एपीएफकी जयन्ती बढु, आर्मीकी गंगा घिमिरे, लुम्बिनी प्रदेशकी सिर्जना चौधरी, आर्मीकी अनुजा कुलुङ राई, सुदूरपश्चिम प्रदेशकी सिर्जना सुनार, गण्डकी प्रदेशकी बुद्धिमाया मगर र सुदूरपश्चिमकी कलावती पन्त रहेका छन् । अन्यमा आर्मीका मिना नेपाली र इशा राई, प्रदेश १ का लक्ष्मी विश्वकर्मा, बाग्मती प्रदेशकी बविता पुकुवाल, एपीएफका सविना मल्ल र कमला थापा, प्रहरीकी गंगा राकसकोटी, आर्मीकी कोपिला कार्की, बाग्मतीकी अम्बिका कटुवाल, सुदूरपश्चिमकी सोनम चन्द, बाग्मतीकी पूजा दुवाल, प्रहरीकी नितु गुरुङ, प्रहरीकी राधिका खडायत, प्रदेश १ की पूजा राजवंशी, मधेश प्रदेशकी दिब्याकुमारी शाह र प्रहरीकी अर्पणा चौधरी छन् । एसियाली खेलकुदको इतिहासमा नेपालले महिला कबडीमा पहिलो पटक सहभागिता जनाउन लागेको महासचिव प्रजापतिले जनाएका छन् । एसियाली खेलकुद चीनको हाङझावमा भदौ २५ देखि असोज ९ गतेसम्म हुँदैछ ।

## कर्णालीले २७ खेलमा भाग लिने

सुर्खेत । गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुदमा कर्णाली प्रदेशले २७ खेलमा सहभागिता जनाउने भएको छ । खेलाडी, प्रशिक्षक र व्यवस्थापक गरी कर्णालीबाट ५ सय ६० जनाको सहभागिता रहने छ । खेलाडी छनोट र बन्द प्रशिक्षणका लागि कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेश खेलकुद परिषद्लाई १ करोड रुपैयाँ उपलब्ध गराउने भएको छ । खेलाडी सहितको टोलीलाई आवश्यक पर्ने खेल सामाग्री, पोसाक र किट ब्याग खरिदका लागि सार्वजनिक सूचना समेत आह्वान भइसकेको छ । बन्द प्रशिक्षण जेठ २ गतेबाट सुरु हुने छ ।

## यी हुन्.......

कास्मस, डाडागाउ लगायतका जनताले भोट हाल्ने सम्भावना छ ।

एकीकृत सजावादीवाट
वडा अध्यक्षमा लाक्पा शेर्पा
नेकपा (माले)बाट
वडा सदस्यमा खुल्लामा तारासिं तामाङ नेकपा(माले)का उम्मेद्वारको चुनावचिन्ह हसिया तारा रहेको छ ।

नेकपा ((माले)का उम्मेद्वार तारासिं तामाङ मालेका एक मात्र उम्मेद्वार हुन उनलाई अन्य पार्टीहरुवाट वाक्क दिक्क भएका जनताले टेष्ट गर्नको लागि ठोसेमा वडा सदस्यमा जिताउन सक्ने सम्भावना छ । उनि तामाङ समुदायको भएको र मोहन कार्कीको साविकको वडासमेत भएको हुनाले डाडा गाउँका जनताको भोट आउँदा उनले सजिलै जित्न सक्ने आकलन गर्न थालिएको छ ।

राप्रपावाट
वडा अध्यक्षप्रलाद कार्की
गोकुलगंगा गाउँपालिका वाडन. ३ रसनालुवाट को(को उठे उम्मेद्वार
वाड न. ३ रसनालुमा नेपाली कांग्रसवाट चक्र बा. तामाङः वडाअध्यक्षका उम्मेद्वारको नेतृत्वमा निम्न व्यक्तिहरु उम्मेद्वार छन् ।
महिला सदस्यःमनमाया सुनुवार
दलित महिला सदस्यःमीना नेपाली
खुल्ला सदस्यःकुमार शेर्पा
खुल्ला सदस्यः महेश कार्की रहेका छन् ।

वडान. ३ रसनालु एमालेवाट
नरविक्रम कार्कीः वडाअध्यक्षको नेतृत्व गरिरहेका कार्की निवर्तमान अध्यक्ष समेत हुन । उनले पार्टीले पुनः दोहोऱ्याएको छ ।
सुनिता सुनुवारः महिला सदस्य
रेनुका खातीः दलित महिला सदस्य
रामवा. लामा:खुल्ला सदस्य
गेल्जे शेर्पाः खुल्ला सदस्य
माओवादीवाट
वडा अध्यक्षमा यामबहादुर कार्की
यो निवर्तमान

गोकुलगंगा गाउँपालिकाका अध्यक्ष खड्क सुनुवारको वडा पनि हो । उक्त वडालाई सबैले चसोको रुपमा हेरेका छन् । विगतमा यसै वडावाट खड्क बहादुर सुनुवारले राम्रो मत ल्याएका कारण उनका प्रतिद्वान्द्वी नेपाली कांग्रेसका नानीबाबु बस्नेतलाई ३९४ मत अन्तरले जितेका थिए । यो पटक माओवादीका उपाध्यक्ष विष्णु बहादुर कार्की, नेपाली कांग्रेसका चक्रबहादुर तामाङ लगायत माओवादीका वडा अध्यक्षहरुले त्यस वडामा खेल्ने भुमिकाले खडक वहादुर सुनुवारलाई हराउने की जिताउने रोल खेल्न सक्छन् ।

वडन. ४ नेपाली कांग्रेसवाट
रामचन्द्र बस्नेत वडाअध्यक्ष
ज्ञान कुमारी थापामगर महिला सदस्य
जानुका मगरातीः दलित महिला सदस्य
वीर बहादु कार्कीः खुल्ला सदस्य
नवराज खड्का:खुल्ला सदस्य

२०७४ मा नेपाली कांग्रेसले जितेको वडा हो । यस वडाको नतिजाले नेपाली कांग्रेसको जित हारको फैशला गरिदिन सक्छ । खडक सुनुवारले रसनालुवाट बढाएको मतलाई कांग्रेसको पकड रहेको वेतालीवाट मत कांग्रेसले बढाएको खण्डमा खडक बहादुर सुनुवारलाई भारी पर्न सक्छ । नमाडी र फर्पु नेपाली कांग्रेसले यसपटक जित्ने आकलन गर्दा वेताली निर्णायक हुन सक्ने देखिन्छ ।

एमालेवाट
रुकुम खड्का वडाअध्यक्ष
चन्द्रमाया थापामगर महिला सदस्य
आइसमा सार्कीः दलित महिला सदस्य
दिलिप भण्डारीः खुल्ला सदस्य
भक्त ब. बस्नेतः खुल्ला सदस्य
माओवादीवाट
वडाअध्यक्षमा देवराज कार्की

देवराज कार्की माओवादीवाट वडाअध्यक्षमा उठ्दा नेकपा माओवादी केन्द्र र समाजवादीको भोट पालिकामा कसलाई जान्छ त्यसमा निर्भर गर्छ । गोकुलगंगा वडा न.५ नमाडीवाट उम्मेद्वारको नामवली

नेपाली कांग्रेसवाट
वडाअध्यक्षः कुलराज सुनुवार
महिला सदस्यः गुरुमाया तामाङनी
दलित महिला सदस्यः विमला मगराती
खुल्ला सदस्यः कटक खड्का
खुल्ला सदस्यःविदुर खड्का रहेका छन् ।
माओवादीवाट
वडाअध्यक्षः भुपाल बुढाथोकी
नेकपा एमालेवाट
वडाअध्यक्षः दीपक कार्की
महिला सदस्यः हेम कुमारी खड्का
दलित महिला सदस्यःविनिता नेपाली
खुल्ला सदस्यःचामबहादुर गुरुङ
खुल्ला सदस्यःविकास तामाङ रहेका छन् । यस वडावाट नै गाउपालिका अध्यक्षका उम्मेद्वार काजी बहादुर खड्का उम्मेद्वार रहेको हुनाले यसपटकको वडामा कांग्रेसले जित्ने आकलन छ । तर पालिकाको अध्यक्ष जित्न नमाडीमा कांग्रेस पार्टीको मत अन्य प्रतिसपर्धी भन्दा झण्डै ७० प्रतिशत भन्दा माथि खस्नु पर्छ । किनकी अन्य वडामा वाडिएर आएको मतलाई रसनालुमा एमालेले लिड गर्न सक्छ । त्यो लिडलाई नमाडीले मेकअप गरेको खण्डमा काजी बहादुरले खड्क बहादुरलाई हराउन सक्छन् । त्यसो हुन सकेन भने पुरानै अनुहार पुनः दोहोरिन सक्छन् ।

वडान. ६ फर्पुवाट
वडाअध्यक्षः चन्द्र बहादुर सुनुवार
महिला सदस्यः मैना खड्का
दलितमहिला सदस्यः मिठु वि.क.
खुल्ला सदस्यःमोहन तामाङ
खुल्ला सदस्यःओम कुमार खड्का
एमालेवाट
वडाअध्यक्ष वडाअध्यक्षःबद्री खत्री
महिला सदस्यःमनकुमारी तामाङ
दलितमहिला सदस्यःलालमाया वि.क.
खुल्ला सदस्यःतिर्थ ब. तामाङ
खुल्ला सदस्यःझक्क खड्का
माओवादीवाट
इन्द्र बहादुर तामाङ

गोकुलगंगा गाउँपालिकामा जनता समाजवादी पार्टी, राप्रपा, माओवादी केन्द्र, नेकपा(एकीकृत समाजवादी) नेकपा (माले) पार्टी वा स्वतन्त्र जति पनि उम्मेद्वार र पार्टीहरु भएपनि प्रतिस्पर्धा नेपाली कांग्रेस र एमालेकै हुने देखिन्छ । त्यो भन्ने आधार कांग्रेस र एमाले वाहेकका पार्टीहरुले तालमेल गर्दासमेत पुरै सेट पालिकामा उठाउन सकेनन् । त्यसकारण प्रतिस्पर्धा कांग्रेस र एमालेको नै हुने देखिन्छ ।

दोहोरिएका उम्मेद्वारहरुलाई त्यति नरुचाउने पालिका वरपर हल्ला तुलानात्मक रुपमा गोकुलगंगा गाउँपालिकामा २०७४ वाट चुनिएका नेतृत्वहरु जति हुनुपर्ने त्यति नभएपनि केही सकारात्मक कामहरु गरेका थिए । तर पुनः दोहोरिदा केन्द्रमा नेकपा( एमाले)का अध्यक्ष केपी ओलीलाई पुर्व प्रधानमन्त्री भइसकेका माधव कुमार नेपाल, झलनाथ खनालले लगाएको आरोप जस्तै गोकुलगंगा गाउँपालिकामा तानाशाह प्रवृति बढ्ने र नयाँ पुस्ताहरुले कहिल्यै अवसर नपाउने जस्ता बहसहरु हुन थालेका छन् । यो हुइमले साच्चै जनताको मन मष्तिकमा सोच्न बाध्य पारेको खण्डमा खडक बहादुरलाई सजिलो नहुन सक्छ ।

यसको असर तलतलसम्म गएमा नेकपा एमालेले ३ वटा वडा र पालिका अध्यक्ष र अध्यक्ष जितेको गोकुलगंगामा २०७९ सालको स्थानीय निर्वाचनमा त्यस्तै नतिजा उल्टन सक्छ । वाड न. १ मा एमालेले जिते पनि वाड न २ ठोसेमा कांग्रेस बलियो स्थितिमा छ । ३ मा नेकपा(एमाले)ले जित्न सक्छ । ४ मा कांग्रेसले पुनःजित्न सक्छ । ५ मा कांग्रेसले जित्ने सम्भावना छ । किनकी त्यही वडावाट पालिका अध्यक्ष काजी वहादुर खड्का (दिनेश) उम्मेद्वार छन् । ६ न. वडा नेपाली काग्रेसले नै जित्ने सम्भावना बढी छ । जाहा विगतका चन्द्र बहादुर सुनुवार युवा नेताको रुपमा सक्रिय छन् ।

एमालेको वडा अध्यक्षहरुमा एउटा रसनालुको वाहेक अन्य वडा अध्यक्षहरुमा वाहिवाट बलिया देखिपनि तोकेर भन्न सक्ने अवस्था देखिदैन ।

एमालेलाई समाजवादीले काट्ने मतमा सकस हुने

एमालेलाई बाहिरवाट जति राम्रो देखे पनि भित्री रुपमा एमालेवाट फुटेर वनेको नेकपा(एकीकृत समाजवादी) पार्टीले काट्ने मत निक्कै भारी पर्न सक्छ । गोकुलगंगामा भण्डै ४ सयको हाराहारीमा समाजवादीको मत देखिन्छ । भने जनता समाजवादीवाट उठेका उम्मेद्वारहरुले पनि एमाले पार्टीकै मत काट्ने हुदा लगभग विगतको तुलनामा एमालेले ८०० देखि १००० मत बढाएमा मात्र पालिका जित्ने सम्भावना हुन्छ ।

बृद्धाहरुको मत खडकलाई युवाहरुको मत दिनेशलाई

बृद्धाहरुको मत निवर्तमान अध्यक्ष हालका एमालेवाट पालिका अध्यक्षका उम्मेद्वार खडक सुनुवारलाई जाने देखिन्छ । भने युवाहरुको मत नेपाली कांग्रेसवाट उम्मेद्वार बनेका काजी बहादुर खड्कालाई आउने देखिन्छ । किनकी काजी बहादुर खड्का युवा नेता हुन् । उनले रामेछाप तरुण दलको समेत जिल्ला अध्यक्ष चलाईसकेका नेता र युवाहरुको क्षेत्रमा काम गरेको हुदा युवा पंक्ति उनको पक्षमा देखिन्छ ।

## सामाजिक......

राजनीतिक विज्ञापन गरेको पाइएमा त्यसलाई आचारसंहिता उल्लंघन कार्य मानी कारवाही हुनेछ ।'

सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा राजनीतिक दल, उम्मेदवार तथा राजनीतिक दलको भ्रातृ संगठनका नाममा आयोगले यस्तो निर्देशन जारी गरेको हो । निर्वाचन आचारसंहिता, २०७८ को दफा ४ को खण्ड (ठ)मा भएको व्यवस्थानुसार सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच)जस्ता भ्रामक टीका टिप्पणी गर्न वा गराउन नहुनेप्रति आयोगले सचेतसमेत गराएको छ ।

फेसबुक, ट्वीटर, भाइबर, ह्वाट्सएपलगायत सामाजिक सञ्जालबाट चुनावको प्रचारका लागि आयोग वा निर्वाचन कार्यालयबाट स्वीकृत नलिएको उजुरी परेमा आचारसंहिता उल्लंघन गरेको आरोपमा कारबाही गर्न हुने आयोगले चेतावनी दिएको छ ।

पछिल्लो समय फेसबुकमा उम्मेदवारहरूको प्रचार र आलोचना बढेकाले आयोगले अनुगमन र नियमनका लागि राजनीतिक दल र उम्मेदवारको सामाजिक सञ्जालको विवरण बुझाउने र स्वीकृति लिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको हो ।

## चुनाव.........

तर, बास्तोला र वली चुनावमा भाग लिन नहुने पक्षमा उभिए । उनीहरुले उम्मेदवारी दिएकाहरुलाई फिर्ता लिन भने ।

विप्लवका कार्यकर्ता छापामार शैलीमा विभिन्न दलभित्र घुसेर उम्मेदवार बने । त्यो योजनाबद्ध थियो । तर, वली र बास्तोला विरोधमा उत्रिए । उनीहरुले संघर्षमै जानुपर्ने र चुनावमा जान नहुने अडान कसे । यसले विप्लव समूहलाई विभाजित बनाएको छ ।

## एमाले......

उता, माधवकुमार नेपाल नेतृत्वको नेकपा (एस)ले १ सय २८ जना प्रमुखमा उम्मेदवारी दिँदा २३ जना महिलालाई उम्मेदवार बनाएको छ । १ सय ७५ गाउँपालिकामा अध्यक्षको उम्मेदवारी दिदाँ १२ जना महिला उम्मेदवार उठाएर चुनावी मैदानमा उत्रेको छ । नेकपा (एस)ले नगरपालिका प्रमुख र गाउँपालिका अध्यक्षमा मात्रै ३५ जनालाई उम्मेदवारी दिलाएको हो । सरकारको नेतृत्वकर्ता राजनीतिक दल नेपाली कांग्रेसले १९ जनालाई मात्रै नगरपालिकाको प्रमुख तथा गाउँपालिका अध्यक्षका लागि टिकट वितरण गरेको छ, जुन एमालेको भन्दा ३६ जना कम हो । महिलालाई उम्मेदवार बनाउने दलमा कांग्रेस चौँथो स्थानमा सीमित हुन पुगेको छ । कांग्रेसले ७ सय ५३ स्थानीय तहमध्ये ६ सय १५ स्थानमा मात्रै नगर प्रमुख र गाउँपालिका अध्यक्षका लागि उम्मेदवारी दर्ता गराएको छ ।

मधेस केन्द्रित दल महिलाप्रति अनुदार

उपेन्द्र यादव जनता समाजवादी पार्टी (जसपा) र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) महिला उम्मेदवारलाई प्राथमिकता दिन अनुदार देखिएका छन् ।

माओवादी केन्द्र भन्दै निरन्तर समावेशी र समानुपातिक प्रतिनिधित्वको माग राख्दै आन्दोलनरत राजनीतिक दल जसपा र लोसपा नेपाल पनि महिला उम्मेदवार छनौटमा अनुदार देखिएको निर्वाचन आयोगको तथ्यांकले देखाएको छ । जसपाले १ सय ४६ नगरपालिकामा पुरुषलाई मेयरमा उम्मेदवारी दर्ता गराउँदा १५ जना महिलालाई मात्र उम्मेदवार बनाउने छ । १ सय ८० जनालाई गाउँपालिका अध्यक्षको उम्मेदवार बनाउँदा महिला भने १० जना मात्रै उम्मेदवार बनेका छन् । ठाकुर नेतृत्वको लोसपा नेपालले ८९ जना प्रमुखका लागि पुरुष उम्मेदवार उठाउँदा ५ जना महिलाले मात्र प्रमुखमा उम्मेदवार बन्न अवसर पाएका छन् ।

प्रमुखका लागि उम्मेदवारी दर्ता गराउन सफल भएका छन् भने ९४ जना गाउँपालिकाको अध्यक्षमा पुरुषले प्रतिस्पर्धा गरिरहँदा सो पार्टीबाट ३ जना महिला मात्रै अध्यक्षका लागि प्रतिस्पर्धामा उत्रिन सफल भएका छन् ।

## दुबाइ.....

कममा उनीहरूले बि.न. १ ह ००९३ र को.१ ह ७८१८ नम्बरको सिटी सफारी समेत चोरी गरेको खुल्न आएको छ ।

## जनकपुर....

किशोरी साहको फोटो र नेपाली कांग्रेसको रुख छाप राखेको देखिदैन । यस प्रकार जसपा र कांग्रेसको गठबन्धनमा दरार आएको प्रष्ट देखिन्छ स्थानीयवासीहरु बताउँछन ।

वडाहरुमा प्रचार गर्दा पनि वडाअध्यक्षहरुले कांग्रेसका किशोरी साहको र आआफ्नो मत मागिरहेका छन् तर मेयरमा कांग्रेसबाट विद्रोह गरी मेयरमा स्वतन्त्र उम्मेदवारी दिएका मनोज साहको मत मागिरहेको देखिएको छ । मनोज साह नेपाली कांग्रेसका मेयरका उम्मेदवार थिए । ५ दलीय गठबन्धन बनेपछि जनकपुरधामको मेयरको कोटा जसपालाई परेको थियो । पछि पार्टी परित्याग गरी मनोज स्वतन्त्रबाट चुनाब लडेका छन् । मनोजलाई नेपाली कांग्रेसमा विमलेन्द्र निधि नजिकका व्यक्तिहरुको समर्थन रहेको छ । निधि नजिकको व्यक्ति जनकपुरधामबाट उपमेयरमा पनि उम्मेदवारी दिएकाले दुबै एक प्रकारले मिलेर चुनाव लडीरहेको आकलन गरिएको छ ।

एकजना कांग्रेस नेताले नाम उल्लेख नगर्ने शर्तमा जसपाबाट मेयरका उम्मेदवार रहेका लालकिशोर साहसँग जनताको निकै असन्तुष्टि रहेको बताए ।

## नेमकिपाको......

श्रीलङ्काले ऋण लिएर आयात बढाउन र ऋणको ब्याजतिर्नमै धेरै रकमखर्च गऱ्यो । कुनै पनि देशको सरकारले आफ्नै खुट्टामा उभिने योजना बनाउनु जरुरी भएको श्रीलङ्काको स्थितिले देखायो । शासक दलका नेताहरूले जाति, भाषा, धर्म, क्षेत्र, झुटा आश्वासनका कुरा गरेर एवम् निर्वाचन आचारसंहितालाई मिचेर पैसा दिएर, भोजभतेर खुवाएर, लुगा, टर्चलाइट, मोबाइल, माछा(मासु तथा ग्यास सिलिन्डर बाँडेर निर्वाचन जित्दै आएका हुन् । स्थानीय, प्रदेश र सङ्घीय सरकार एक साथ सञ्चालन गरेका शासक दलहरूले आफ्ना प्रतिबद्धता पूरा गरेनन् ।

# अन्तराष्ट्रिय समाचार

## युक्रेनको मरिउपोलबाट ४६ जनाको उद्धार

युक्रेनको मरिउपोलमा रहेको स्टिल उद्योगमा थुनिएका झण्डै ५० जनालाई बाहिर निकालिएको राष्ट्रसंघले जनाएको छ । रुसी रक्षा मन्त्रालयले पनि दुई पटक गरी ४६ जनालाई मरिउपोलस्थित एजोभस्टल स्टिल कारखाना परिसरबाट उद्धार गरिएको जनाएको छ । 'अन्तर्राष्ट्रिय समुदायको आग्रह तथा मानवीयतालाई ध्यान दिएर हामीले उनीहरूलाई भवनबाट सकुशल बाहिर निकालेका छौं,' मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार उद्धार गरिएकामध्ये २५ जनाले दिउँसो र २१ जनाले साँझपख कारखाना परिसर छाडेका हुन । त्यहाँबाट बाहिर निकालिएकामध्ये २० जना महिला तथा बालबालिका छन । उद्धार गरिएकाहरूलाई रुसी सीमा क्षेत्रमा पर्ने बेजिमेन्नी लगिएको जनाइएको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले गत साता उक्त कारखानालाई घेराबन्दी गर्न आदेश दिएपछि सर्वसाधारण थुनिएका थिए । युक्रेनी अधिकारीले कारखाना परिसरमा कम्तीमा एक हजार सर्वसाधारण अझै फसिरहेका जनाएका छन । उनीहरूलाई बाहिर निस्कन दिने विषयमा वार्ता भइरहेको बीबीसीले जनाएको छ । त्यस्तै, कारखाना परिसरमा कम्तीमा ५ सय घाइते युक्रेनी सेना रहेका जनाइएको छ । युक्रेनको एजोभ बटालियनका प्रमुखले आफूले थप मानिसहरू उद्धार गर्न सकिने अपेक्षा व्यक्त गरेको एएफपीले जनाएको छ । पछिल्ला साताहरूमा रुसी सेनाले युक्रेनको पूर्वी क्षेत्रमा सैनिक कारबाही तीव्र पार्दै लगेको छ । रुसी राष्ट्रपति पुटिनले एक साताअघि मरिउपोल कब्जा भएको बताउँदै त्यहाँबाट कसैलाई पनि बाहिर निस्कन नदिन आफ्नो फौजलाई निर्देशन दिएका थिएर । मरिउपोलमा अझै कम्तीमा एक लाख सर्वसाधारण पिउने पानी, इन्धन, विद्युत् तथा सञ्चार सम्पर्कको अभावमा बाँचिरहेका बीबीसीले उल्लेख गरेको छ । मरिउपोलका मेयर भदिम बोइचेन्कोले रुसी आक्रमणमा यहाँ कम्तीमा २० हजार गैरसैनिकको मृत्यु भएको जनाएका छन । मारिनेहरूको संख्या अझै बढी हुन सक्ने उनको दाबी छ । 'नर्क छ र त्यो मरिउपोल हो,' मरिउपोल छाड्ने सर्वसाधारणलाई उद्धृत गर्दै बोइचेन्कोले भनेका छन्, 'मानिसहरू उद्धारको पर्खाइमा छन । उनीहरूको जीवनरक्षाका लागि हामीसँग कति समय छ भन्न गाह्रो छ ।' रुसी फौजले शनिबार र आइतबार दक्षिण पश्चिमी बन्दरगाह सहर ओडेसामा आक्रमण तीव्र पारेको छ । आक्रमणमा ओडेसास्थित विमानस्थलको धावनमार्ग पूर्णरूपमा क्षतिग्रस्त भएको बीबीसीले उल्लेख गरेको छ । यसैबीच, युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले युक्रेनमा जारी पछिल्लो अवस्थाबारे बेलायती प्रधानमन्त्री बोरिस जोन्सनसँग टेलिफोनमा कुराकानी गरेका छन । दुई नेताबीच युक्रेनका लागि आवश्यक सहयोग र समन्वयका विषयमा कुराकानी भएको राष्ट्रपति जेलेन्स्कीले ट्वीटमार्फत जानकारी दिएका छन । यसअघि उनले फ्रान्सेली राष्ट्रपति इमानुयन म्याक्रोसँगको कुराकानीमा मानवीय लगायतका सहयोगको लागि आग्रह गरेका थिए । युक्रेनले उत्तर एट्लान्टिक सन्धि संगठन (नाटो) को सदस्यता लिने तयारी गरेपछि रुसले फेब्रुअरी २४ मा आक्रमण सुरु गरेको होर । त्यसयता रुसले युक्रेनी नागरिकलाई इच्छाविपरीत आफ्नो देशमा लगिरहेको युक्रेनको आरोप छर । यसअघि रुसले युक्रेनबाट कम्तीमा १० लाख सर्वसाधारणको उद्धार गरेको दाबी गरेको थियो । उद्धार गरिएकामध्ये १ लाख २० हजार विदेशी नागरिक भएको रुसको भनाइ छ ।

## हवाई हमलामा दुई सय युक्रेनी सेना मारिएको रुसी दावी

रुसको सशस्त्र सेनाले शनिबार उच्च मिसाइलसहित १७ युक्रेनी सैन्य क्षेत्रमा गरेको प्रहारमा रकेट तथा तोपखाना भण्डार गर्न प्रयोग हुने एउटा गोदामलाई नष्ट गरेको दाबी गरेको छ । हवाई हमलामा दुई सयभन्दा बढी युक्रेनी फौज मारिएको र २३ ओटा बख्तरबन्द बहानहरु ध्वस्त पारेको एउटा अनलाईन पोस्टमा रुसी रक्षा मन्त्रालयले जनाएको छ । रुसी दाबीको स्वतन्त्र पुष्टि हुन बाँकी छ । हमलाबारे युक्रेनी पक्षले कुनै टिप्पणी गरेको छैन् । अनलाईन पोस्टमा ओडेसा विमानस्थलमा भएको हमलाको कुनै उल्लेख गरेको छैन । विमानस्थललाई लक्षित गरी रुसले मिसाइल प्रहार गरेको स्थानीय स्थानीय गभर्नरले बताएका छन् । हमलापछि धावनमार्ग अवरुद्ध भएको छ । २४ फेब्रअरीदेखि गरेको रुसी हमलामा लाखौं युक्रेनी विस्थापित भएका छन् । यसैबीच रुसी विदेशमन्त्री सर्गेई लाभ्रोभले युक्रेनबाट १० लाख मानिसहरूलाई उद्धार गरिएको दाबी गरेका छन् । हमलापछि बिचल्लीमा परेका आफ्ना नागरिकहरूलाई उनीहरूको इच्छाविपरीत सीमापारि लगेको आरोप युक्रेनले बारम्बार लगाउने गरेको छ । रुसले उद्धार गरेको भनिकामध्ये एक लाख मानिस दोनेत्स्क र लुहान्स्क गणतन्त्रका बासिन्दा छन् ।

## युक्रेनको दुई पूर्वी क्षेत्र कब्जा गर्ने योजना

रुसले युक्रेनको दुईवटा पूर्वी क्षेत्र हडप्ने योजना बनाइरहेको अमेरिकी दाबी छ । युरोपमा सुरक्षा र सहयोग संगठनका लागि अमेरिकी राजदुत माइकल कारपेन्टरले रुसले डोनेट्स्क जन गणतन्त्र र लुगान्स्क जन गणतन्त्रलाई आफैमा मर्ज गर्ने प्रयास गरिरहेको बताएका हुन् । साथै रुसले यसबारे मे १५मा जनमत संग्रह गर्ने योजना पनि बनाएको छ । माइकलका अनुसार रुसले युक्रेनको तेस्रो क्षेत्र खेरसनका लागि पनि यस्तै योजना बनाएको अमेरिकी आशंका रहेको छ । रुसले हालैका दिनहरुमा खेरसनमा आफ्नो पकड बलियो बनाएको र त्यहाँका मानिसहरूलाई रुबल मुद्रा अपनाउन बाध्य पारेको बीबीसीले जनाएको छ । युक्रेनमा अब आउने दिनहरू झन बढी कठीन युक्त साबित हुने अन्तर्राष्ट्रिय संचार माध्यमले जनाएका छन् ।

सन् २०१४ मा रुसले युक्रेनको क्रिमिया प्रायद्वीपलाई आफूमा मिलाउने घोषण गरेको थियो । तर, वरपरका रुसी भाषा बोल्ने क्षेत्रमा भने त्यसो गरेन । माइकलले यस्तो जनमत संग्रह र झुटो कुरालाई अमेरिकाले वैध नमान्ने बताएका छन् ।

## फिलिपिन्समा आगलागी हुँदा ८ जनाको मृत्यु

फिलिपिन्सको एक बस्तीमा आगलागी हुँदा ८ जनाको मृत्यु भएको छ । राजधानी मनिला नजिक रहेको क्युजोन क्षेत्रस्थित विश्वविद्यालय परिसरमा रहेको बस्तीमा आगलागी हुँदा ६ जना बालबालिका सहित ८ जनाको मृत्यु भएको हो । आगलागीका कारण सो बस्ती पूर्ण रुपमा ध्वस्त भएको छ । आगलागीमा परी केही घाइते भएका छन । बिहानको समयमा आगलागी हुँदा अधिकांश मानिस मस्त निद्रामा रहेकाले क्षति बढी भएको फिलिपिन्सका सञ्चार माध्यमले जनाएको छ । आगलागी नियन्त्रणका लागि सयौं अग्नी नियन्त्रकले २ घण्टा समय लागेको थियो । साथै घाइतेहरुको अवस्था गम्भीर रहेका कारण मृतकको संख्या बढ्न सक्ने अनुमान गरिएको छ ।

# पुस्तक चर्चा : विनोद कुमार श्रेष्ठको यथार्थवादी उपन्यास 'इच्छामरण'

- तेजप्रकाश बानियाँ

उपत्यका बाहिरका साहित्यकारहरूलाई हामीले ध्यान दिल सकेका छैनौ। उहाँहरूको आँकडा पनि हामीसँग छैन। हजारौं स्रष्टाको बीचमा स्थापित मोफसलका स्रष्टाहरूमा रामेछाप निवासी विनोदकुमार श्रेष्ठको नाम अगाडि बढ्दै गएको छ। उनको जन्मवि.सं २०४४ साल चैत १ गते एक किसान परिवारमा भएको हो। उनी पढ्ने उमेरमै काठमाडौंमा एक जना सप्लायर्स स्टाफमा जागीरे भए। दूर्भाग्यवस कामको दौरानमा २०६३ साल चैत्र २४ गते कार दुर्घटना परे। जतिखेर उनको उमेर १९ वर्षको थियो। १९ वर्षे लक्का जवान मै दुर्घटनाका कारण ढाड भाचियो। उनी पिजडा रुपी मैना भए। संसार डुल्ने चरो पिजडा रुपी मैना भए पछि के हुन्छ ? त्यो कल्पना गरे भन्दानिकै बाहिरको कुरा हो। तै पनि म देख्छु, अहिले र पहिलेको उनको जीवन। यो जीवन आकाश र जमिन जतिकै अन्तर छ।

जीवनमा कुनै दिन उपन्यासहरू लेख्छु भनेर सपना पनि देखेका थिएनन् उनले। न त उनी लेख्ने कुराको कल्पनानै गर्थे। न उनी साहित्यको विद्यार्थी नै हुन्। उनको लेखन यात्रा कुनै रमणीय क्षणबाट प्राप्त उपलब्धि होइन। बस्! जीवन दुर्घटना पछि यतिकै साहित्यमा जोडिन आइपुगे। यसलाई उनकोध्येय भनौं ? या संयोग। म छुट्याउन सक्दिन किनकी, दुर्घटना पछि यु टर्न भएको थियो उनको जीवन। दुर्घटना नै उनकोलेखन यात्रामा प्रेरणाका स्रोत हो। यदि उनको जीवन दुर्घटना भएर परिवर्तन नभएको भए शायद उनले लेख्ने थिएनन्। आज उनका चार ओटा कृति प्रकाशित भएका छन्।

'जीवन एक संघर्ष अनेक मोड' आत्मालाप।
'द स्प्रिङ लभ'उपन्यास।
'आभास'उपन्यास।
'इच्छामरण' उपन्यास।

'जीवनएक संघर्ष अनेक मोड' आत्मालापउनको पहिलो कृतिहो। यो उनको जीवनसँग सम्बन्धित छ। एक शकुसल मान्छेको जीवन कसरी परिवर्तन हुन्छ भन्नेबारे लेख्ने प्रयास गरेका छन् उनले। विनोदीपाराका विनोद शब्दकीडामा मगनमस्त छन् यस आत्मालापमा। आफ्ना पिडोत्तर भावोच्छोलनमा लागेका छन् उनी। यस आत्मालापमा कोहीपात्रहरू छैनन्, आफैंपात्रछन्। उनका आफ्नै वेदना समेटिएका छन्। सफा ऐनाले सफा नै देखाउँछ र धमिलो ऐनाले धमिलै देखाउँछ भनेजस्तै धमिलो घटना र वेदनापूर्ण जीवनको ऐनालाई पुछेर सफाबनाउने प्रयत्न गरेका छन उनले। 'जीवन एक संघर्ष अनेक मोड' आत्मालाप २०७१ सालमा आफैले प्रकाशन गरेको कृति हो।


'द स्प्रिङ लभ।' यो उपन्यासमा अलिकति जङ्गलीपन छ। अलिकति सहरीपन छ। अलिकति यौनिक छ। अलिकति शून्यता छ। अलिकति सिस्टम छ। यसमा एक स्पाइनल कर्ड इन्जुरीको अपाङ्गता भएको ब्यक्ति र नर्स बीचको प्रेम कथा समेटिएको छ। अनि समेटिएको छ, एक ढाड भाच्चिएर स्पाइनल कर्ड इन्जुरी भएको ब्यक्तिको आफ्नै दर्दनाकजीवन। "द स्प्रिङ लभ"२०७३ साल साउन महिनामा शब्दार्थ प्रकाशन गृहबाट प्रकाशित भएको हो।

'आभास'उपन्यास उपन्यासको पात्रहो। आभास उनको मन भित्रको प्रकल्पना हो। अनि यही काल्पनिक ज्योत्स्ना नै आभास उपन्यास हो। उनकोउपन्यासलाई मैले यथार्थमय दूरदर्शितामानें, प्रकृतिको। जुनतितो सत्य छ। अन्तत : प्रेम यहीँ छ।

भावसागरमा छताछुल्ल भएर प्रेम पोखिएको छ। यसले प्रेमिल मनहरूलाई छुने छ। प्रक्ने छ। हुँडल्ने छ। मन देखि मनसम्मका डिमार्केसनहरूमा जहाँ हाम्रो समाज प्रेम गर्नेहरूको चियोचर्चो गरिरहेको छ। सदियौँदेखि हाम्रो परिवेशमा प्रेम वर्जित विषय बनाइएको छ। यही विषय उनले पक्रेर प्रहार गर्ने प्रयत्न गरेका छन्। 'आभास' २०७५ साल पुस महिनामा शब्दार्थ प्रकाशन गृहबाट प्रकाशित भएको हो।

मैले यहाँ चर्चा गर्ने उपन्यास हो 'इच्छामरण'। प्यसिफिकपब्लिकेशन बागबजारले प्रकाशनमा ल्याएको उपन्यास इच्छामरण १९२ पेजको छ। यो पुस्तकको कभर हेर्दैमार उपन्यासको नाम पढ्दैमा पढूँपढूँलाग्ने खालको छ यो उपन्यास।

उपन्यास 'इच्छामरण' मैले सर्सर्ती अध्ययन गरेँ। अरु उपन्यासहरू भन्दा यो उपन्यास एकदमै पृथक छ। साहित्यनसा परक छन् पृष्ठभूमि फरक छ। उनको कलम नेपाली साहित्यतर्फ तिखारिदै गएको अनुभव गरेँ। उपन्यासको स्तर पनि चुलिदै गएको छ।




पुस्तकको अन्तर्वस्तुको बारेमा भन्नु पर्दा लेखकले आफ्नो जीवनसँग घटेका घटनाक्रमलाई साहित्यिक मसला र मिठास भरेर उपन्यास बनाउन खोजेका छन्। 'आरम्भ भन्दा पहिले' शीर्षकमा उनले जीवनमा भोगेका र देखेका उतार चडावहरूमा आइपर्ने अफ्ट्यारा मोडहरूलाई यथार्थ परक ढंगले व्याख्या गरी उपन्यासमा प्रवेश गर्न सजिलो पारि दिएका छन्।

उपन्यास विशेष गरी २७ भागमा विभाजित छ। यस उपन्यासमा एक सकुशल मान्छेको जीवन कसरी परिवर्तन हुन्छ ?उसले कस्ता(कस्ता खालको दु:ख र पीडा भोग्नु पर्छ ? सकुशल हुँदैको प्रेम जीवन विचलित भइसके पछि कसरी मोडिन्छ ? मान्छेले किन मर्ने परिकल्पनागर्न बाध्य हुन्छ ? जीवनविचलित भइसके पछि मर्नको लागि पनि किन सहज हुँदैन ? स्व( इच्छा मर्न चाहनेको लागि कानुनले के भन्छ ? अपाङ्गता भएकाहरूका बुबाआमाले समाजमा कस्ता खालका लाल्छनाहरू भोग्नुपर्छ ? छोराछोरी अपाङ्गता भए पछिको पीडाहरू कस्तो हुन्छ बुबाआमाको ? श्रीमान श्रमितीमध्ये कुनै एकको शरीर विचलित भयो भने शरीर विचलित हुने प्रति विचलित नहुनेको हेर्ने दृष्टिकोण कस्तो रहन्छ ? यस्तैयस्तै खालको विषयमा चर्चा गर्न खोजिएको छ, यो उपन्यास इच्छामरणमा।

यस उपन्यासकामुख्यपात्र निश्चल हुन्। निश्चल दुर्घटना पछि मेरुदण्ड भाचिएको व्यक्ति हुन्। दोस्रो पात्रको रुपमा उनका प्रेमिका छिन्। अरू अपाङ्गताभएका व्यक्तिहरू यस उपन्यासका सहायकपात्रका रुपमा छन्। उनीहरूको दु:ख र दर्दलाई समेटिएको छ।

समग्रमा भन्नुपर्दा यो उपन्यासको मुख्यभाव कानुनी रुपमा मर्न पाउनु पर्छ भन्ने हो। स्व(इच्छाले मर्न चाहनेको लागि कानुनी व्यवस्था ऐलेसम्म छैन। उपन्यासको अन्त्यमाउनले लेखेको कुरा बाट प्रष्ट हुन्छ : जन्मेपछि मान्छेले मात्रनभई समग्र प्राणीले मर्नैपर्छ। मर्नको लागि सबै डराइरहेका हुन्छन् तर उनी 'इच्छामृत्यु' रोज्दैछन्। उनले 'इच्छामृत्यु' कानुनी रुपमाहोस् भन्ने चाहेकाछन्।

हाम्रो समाज पाखण्डको मेखाला पहिरिएर हिँडछ। लेखकहरू त्यसैलाई उतार्ने कोसिस गर्छन्। लेखकपनि त समाजकै प्रतिनिधि पात्र हो। उसले समाजबाटै लिन्छन् र समाजलाई नै दिन्छन्।

संसारमा समाज र मानिस रहेसम्म लेखन सकिन्नँ। सकिनु पनि हुँदैन। आफू बाँचेको समयका सबै चित्रहरू लेखेर जाने हो भने भोलिका पुस्ताले समयलाई चिन्न साहित्यको सहयोग लिन सक्छन्। यहीँनेर साहित्यको सार्थकता छ।

अन्त्यमा, साहित्यको क्षितिजमा लम्की रहेका श्रेष्ठको अभियान सफल होओस्। ऊनका कृतिहरू सफल हुँदै जाउन्। देशले यस्ता साहित्यकारबाट सेवापाई रहोस्, नेपाली साहित्य पनि अब्बल हुदै गएको छ। अव यसले विदेशी साहित्यसँग तुलना गर्ने अवसर पाओस् भन्ने कामना समेत गर्दछु।

# कविता

## कबिताः आमा



**डा.अमर कार्की**
ठेचो, ललितपुर
हाल फ्लोरिडा, अमेरिका

आमा जन्मायौ हुर्कायौ
हाम्लाई यत्रो लाठे बनायौ
आफ्ना रहर राखी थाती
हामीलाई सक्षम बनायौ

बाउ पनि सङ्लग्न थिए
तर पेटमा हाम्लाई तिम्ले बढायौ
प्रसब पिडा सहेर आमा
तिम्ले हाम्लाई जन्मायौ

आफ्न पेटमा पटुका कसी
तिमीले हाम्लाई खुवायौ
आफु खायौ खोले सीस्नु
तर हाम्लाई दुध चुसायौ

बा ले कमाउछन भन्थेउ तर
सधै लिटो तिम्ले खुवायौ
बा बलियो भन्या हैन त
तर सधै काखमा तिम्ले सुतायौ

सबै गए राती चुठेर थालामा
पिर्कामा पल्टाएर चुलो लोटायौ
काखी च्यापेर जातो चलाउदै
एक दुई तिन चार गन्न सिकायौ

पिठिउँमा बोकी मजेत्रोले
घास पात गर्दै क ख सिकायौ
ओक्ष्यानमा पल्टिएर राती
सुनकेसरी मैयाको कथा सुनायौ

यति हुँदा पनि आजसम्म
तिम्ले न त हक जतायौ
मुटु कलेजो खादा पनि
त्यही सन्तानको भलो चितायौ

आमा जन्मायौ हुर्कायौ
हाम्लाई यत्रो लाठे बनायौ
आफ्ना रहर राखी थाती
हामीलाई सक्षम बनायौ।

# २ नयाँ इलेक्ट्रिक कार यसै महिना नेपाल आउने तयारीमा

यो महिना २ नयाँ इलेक्ट्रिक कार नेपाल भित्रिने तयारीमा रहेका छन् । केही समयअघि देखिनै नेपाल आउने चर्चामा रहेका किया इभी६ र विवाइडी एट्टो ३ नेपाल आउन लागेका हुन् । यी कार यसै महिनाको अन्तिम सम्ममा नेपाल आइसक्ने संभावना देखिएको हो ।



किया मोटर्सको नेपालका लागि आधिकारिक वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजले एक महिना अघि नै आफ्नो वेबसाइटमा इभी६ लाई लिस्टिङ गरेर नेपाल आउने तयारीमा रहेको जानकारी गराइसकेको छ । यसै महिनाको अन्तिमसम्ममा यो कार नेपाल आइसक्ने कन्टिनेन्टल स्रोतले बताएको छ ।

नेपाली बजारमा यसको जिटी लाइन भर्सनमात्र आउने उक्त स्रोतको भनाई छ । जुन नेपाली बजारमा उपलब्ध हालसम्मकै महंगो मूल्य मध्येको एक इभी हुनेछ । यो इलेक्ट्रिक कारको मूल्य १ करोड २० लाख हाराहारीमा पर्न सक्ने अनुमान लगाइएको छ ।

यसैगरी विवाइडी आयतकर्ता साइमेक्स इंकले पनि वैशाख महिना भित्र एट्टो ३ मोडल लन्च गरिसक्ने बताउँदै आइरहेको छ । अवको केहीदिन भित्रै यसको केही युनिट नेपाल आइसक्ने र लगत्तै बुकिङ खुल्ला गर्ने तयारीमा यो कम्पनी जुटिरहेको छ । एट्टो थ्रीको मूल्य नेपाली बजारमा ५५ लाख हाराहारीमा पर्ने आँकलन गरिएको छ ।

यस्तो छ यी २ कारको रेन्ज र फिचर्स

किया इभी६ मा जडान गरिएको ७७.४ किलोवाट लिथियम आयोन ब्याट्रीलाई एकपटक पूर्ण चार्ज गरेपछि ५ सय किलोमिटर भन्दा बढी यात्रा तय गर्न सकिने दाबी गरिएको छ । यसमा जडान गरिने १६८ किलोवाट पिएमएसएम डुअल मोटरले ५८५ बिएचपी पावर र ७४० एनएम टर्क जेनेरेट गर्न सक्ने बताइएको छ । यो कारलाई २६० किलोमिटर प्रतिघन्टाको उच्च गतिमा हाँक्न सकिन्छ ।

किया मोटर्सले यो इलेक्ट्रिक कारलाई ई-जिएमपी प्लेटफर्ममा निर्माण गरेको हो । १८ मिनेटमै १० देखी ८० प्रतिशतसम्म चार्ज गर्न सकिने यसको ब्याट्रीलाई जम्मा ४ मिनेट चार्ज गर्दा एकसय किलोमिटर सम्मको यात्रा तय गर्न सकिन्छ । आयोनिक ५ मा जस्तै यसमा पनि भेहिकल टु लोड फंक्सन दिइएको छ । जसको साहयतामा ३.६ किलोवाट क्षमतासम्मको अन्य इभीलाई चार्ज गर्न अर्थात सोही क्षमता वरावरको अन्य इलेक्ट्रोनिक सामान चलाउन सकिन्छ ।

साथै यसमा १२.३ इन्चको हाइटेक इन्फोटेन्मेन्ट सिस्टम, १२.३ इन्चकै फुल डिजिटल मिटर, अटोमेटिक डुअल जोन एसी, भेन्टिलेटेड सिट, १९ इन्चको एरो डाइनामिक एलोई ह्विल्स, रिजेनेरिटिभ ब्रेकिङ, हेड अप डिस्प्ले, एड्भान्स्ड ड्राइभर एसिस्टेन्स सिस्टम र स्पिड डेटा एन्ड टर्न वाई टर्न नेभिगेसन लगायत अन्य थुप्रै आधुनिक फिचर्स दिइएको छ ।

बीवाईडी एटो ३ चीन र अन्तर्राष्ट्रिय बजारमा बीवाईडी युआन प्लस वा एसर को नामले बिक्री भइरहेको छ । यो ५०.१ र ६०.४ किलोवाट आवर गरी दुई ब्याट्री अप्सनमा उपलब्ध रहँदै आएपनि नेपालमा भने ठूलो ब्याट्री प्याक भएको मोडल आउने बताइएको छ । यो कारमा पछिल्लो सयम अन्तरार्ष्ट्रिय रुपमै लोकप्रिय बन्दै गएको ब्लेड ब्याट्री जडान गरिएको छ । यसले २०० एचपी पावर र ३१० एनएम टर्क जेनेरेट गर्ने क्षमता राख्छ । ८० किलोवाटको फास्ट चार्जरले यसको ब्याट्रीलाई करिव ४५ मिनेटमै फुल चार्ज गर्न सकिन्छ । यसले सिंगल चार्जमा ४२० किलोमिटर सम्मको रेन्ज दिने दाबी गरिएको छ ।

यसको अघिल्लो भागमा इन्टिग्रेटेड डीआरएल सहितको एलईडी हेडलाइट र पछिल्लो भागमा होरिजन्टल लाइट बारसँग जोडिएको एलईडी टेललाइट छ । भित्री भागमा १२.८ इन्चको टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम छ, जुन एप्पल कारप्ले र एन्ड्रोइड अटो कम्प्याटिबल छ । त्यसैगरी सिन्थेटिक लेदर अपहोल्स्टर्ड सिट, इलेक्ट्रिक पावर असिस्टेड स्टेयरिङ ह्विल र ५ इन्च डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर छ ।

सुरक्षा र सहजताका लागि यसमा अटोमेटिक सिंगल जोन एयर कन्डिसनर, सिक्स-वे एडजस्टेबल ड्राइभर सिट, फोर-वे एड्जस्टेबल को-ड्राइभर सिट, वायरलेस फोन चार्जर, १२ भोल्ट सकेट, किलेस इन्ट्री र किलेस स्टार्ट, ३६० भ्यु क्यामेरा तथा वान टन ओपन र क्लोज टेलगेट जस्ता सुविधा उपलब्ध छन । सेफ्टी फिचरको रुपमा यसमा फ्रन्ट तथा रियर एयरब्याग, ईपीएस सहितको एबीएस, हिल डिसेन्ट कन्ट्रोल, सिट बेल्ट रिमाइन्डर, ट्र्याक्सन कन्ट्रोल सिस्टम, आइसोफिक्स र टायर प्रेसर मोनिटरिङ सिस्टम आदि उपलब्ध गराइएको छ ।

# आयो टीभीएस एनटर्कको नयाँ संस्करण एक्सटी


टीभीएसले एनटर्क स्कुटरको नयाँ संस्करण एक्सटी भारतीय बजारमा लन्च गरेको छ । यसलाई स्मार्ट कनेक्टको कनेक्टिभिटी प्लेटफर्म दिइएको छ, जसमा सेग्मेन्ट फर्स्ट-इन-क्लास सुविधाहरू उपलब्ध हुनेछन् । केही दिन पहिले टिजर देखाइएकोमा यो हाल सार्वजनिक गरिएको हो ।



दिल्ली एक्स-शोरूममा सो स्कुटरको प्रारम्भिक मूल्य १ लाख २ हजार ८२३ भारु तोकिएको छ । यो नयाँ भेरिएन्ट डिस्क ब्रेक भेरियन्टको साथ नियोन ग्रिन कलरमा उपलब्ध हुनेछ । यो टीभीएस एनटर्कको हाल सम्म उपलब्ध मोडल मध्ये सबैभन्दा माथिल्लो मोडल हो । यो स्कुटर खास फिचरको रुपमा यसमा सेगमेन्ट फर्स्ट हाइब्रिड एक्स कनेक्टका साथ रंगीन टीएफटी र एलसीडी कन्सोल प्राप्त हुनेछ । यसमा ग्राहकले ६० भन्दा बढी हाइटेक फिचर्स पाउनेछन् । यसमा भ्वाइस असिस्ट फिचर छ, जसले गर्दा ग्राहकले सिधै भ्वाइस कमाण्ड दिन सकिन्छ । नयाँ भेरिएन्टमा ग्राहकहरूले टीभीएस इन्टेलिगो प्रविधि पाउनेछन् । यसमा मौन स्टार्ट-स्टप सिस्टम समेत छ । यसमा हल्का र स्पोर्टी अलोय ह्विल दिइएको छ । यसमा रहेको प्रणालीले सामाजिक सञ्जाल सूचनाहरू, खाना वितरण ट्र्याकिङ जानकारी, मौसम पूर्वानुमान र एक्यूआई डेटा, क्रिकेट र फुटबल स्कोरहरू देखाउन सक्छ । यो कम्पनीको इन्टेलिगो स्टप-स्टार्ट प्रणाली फिचर गर्ने एनटर्कको पहिलो संस्करण पनि हो । यसमा पावरका लागि १२४.८ सीसी, सिंगल सिलिन्डर, ४ स्ट्रोक, ३ भल्भ, एयरकुल्ड, रेस ट्युन्ड फ्युल इन्जेक्सन (आरटी-एफाई) इन्जिन दिइएको छ ।

## आफ्नै सूचना

यस साप्ताहिकमा वर्ष-१४, अंक-३७ मा २०७९ हुनु पर्नेमा प्रविधि कारण २०७८ हुनु गएकोमा सच्चाएको छ ।- सम्पादक




सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारी साधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारी साधन नचलाऔं,
- समयसमयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस